
कुलमान बुद्धाचार्य
मौहरिया टोल

# धर्म चक्षु

(बौद्ध द्वैमासिक)

# Dharma Chakshu

BUDDHIST BI-MONTHLY



विश्व शान्ति स्तूप-अनदू

वर्ष-४ अङ्क-२,३ पूर्णाङ्क-१०, भदौ-असोज, कार्तिक-मंसीर २०५६

**सम्पादकीय –**

## लुम्बिनीमा (मायादेवी मन्दिरमा भारतीय हिन्दूहरुको) पूजा

२०५६ मार्ग ३ गते विहान ८ बजे कथित हिन्दू बौद्ध सम्मेलनका आयोजक भारतीय कट्टर हिन्दू धर्मावलम्बीहरुको २०-२० जनाको समूहबाट मायादेवी मन्दिरमा अजीव किसिमले पूजा सुसम्पन्न भयो ।

तिनीहरुले ल्याएका भनिएका यात्रारुपी रथ लुम्बिनी बाहिर टाढै छोडेर आएका रहेछन् । गेरु रंगका साडी पहिरेका केही महिलाहरु मायादेवी मन्दिर नजिकको प्रवेश द्वार अगाडि पंक्तिवद्ध उभिरहेका थिए । उनीहरुले बुद्धम् शरणम् गच्छामि, धर्मम् शरणम् गच्छामि, संघम् शरणम् गच्छामि उच्चारण गरिरहेका थिए ।

त्यहीं "सिद्धार्थ गौतमको पवित्र जन्मस्थल" भनी लेखेको पहेंलो कपडा टाँगी ओम झण्डाहरु गाडेको देखियो । धोती लगाएका भारतीय केही हिन्दूहरु भिक्षुको चीवर लगाएका एक हिन्दू ब्राह्मण र अर्को एक जना भारतीय हिन्दू अन्तर्गतका कालो वर्णको भिक्षु थियो । जापानी भिक्षु भनिएका शिन्तो धर्मका अधिकारी तथा जापान भारत संघका अध्यक्ष थिए । बौद्ध भिक्षु थिएनन् । साथमा केही नेपाली टोपी लगाएका हिन्दू थिए । तिनीहरुले पनि धूप, मैनबत्ती बाली बुद्धम् शरणम् गच्छामि उच्चारण गर्दै मायादेवी मन्दिर र पुस्करिणी घुमी अशोक स्तम्भमा पूजा गरेका थिए ।

तिनीहरु हतास र हथात देखिन्थे । (तिनीहरुले त्रिशरण उच्चारण) तिनीहरुले रथ नल्याएकाले बौद्धहरु अगाडि देखा पर्नुपर्ने परिस्थिति आएन र कोही अगाडि देखा परेनन् । त्यसले गर्दा कुनै अप्रिय घटना घट्न पाएन ।

तर साँच्चै विचार गर्ने हो भने तिनीहरुले त्रिशरण उच्चारण गर्दै बौद्ध स्थल पूजा गर्न आउँदा त्यही अनुरुप मानसिक तयारीका साथ सुसज्जित भएर आएको भए बुद्ध धर्मप्रति तथा लुम्बिनीप्रति गौरव प्रकट गरेको मान्न सकिन्थ्यो होला । तर बौद्ध तीर्थस्थलमा बौद्ध झण्डा ल्याउनुको सट्टा ॐ झण्डा ल्याउनुले तिनीहरुको बुद्ध, बुद्ध धर्मप्रति कलुषित भाव र हठ धर्मिता रहेको स्पष्ट देखिन्थ्यो । बौद्धहरुले ती भावना बुझेर पनि अगाडि नगइकन उनीहरुलाई आफ्नै किसिमले पूजा गर्न दिएर सहिष्णु भएर बसे । यस किसिमले भारतीय हठी हिन्दूहरुले त्रिशरण उच्चारण गरी लुम्बिनी दर्शन पूजा गरेर आफ्नो हठवादितालाई नंग्याएर गए ।

जे होस् धर्मोदय सभाको नेतृत्वमा बौद्ध एकताको कारणले गर्दा यो पटक लुम्बिनीको अस्मिता जोगिएको छ । जे भए पनि लुम्बिनी विश्व शान्तिको मुहान भएकोले मानव मानवमा समभावको 'धर्म चक्षु' खुलोस् । सबैमा सद्भाव जागोस्, सम्यक दृष्टि आओस् ।

❑

सम्पादक/प्रकाशक
भिक्षु श्रद्धानन्द
फोन : २०५१७

व्यवस्थापक
विक्रम बुद्धाचार्य
२४८२०
विमल उदास
फोन : ३०५१५
सुश्री सोनी सुवाल
फोन : २३५५२
भुवन ताम्राकार

मुद्रण व्यवस्थापन :
मैत्री संघ, पोखरा

मूल्य रु. ५/-

कार्यालय :
धर्मशीला बुद्ध विहार
नदीपुर, पोखरा
फोन : २०५१७

कम्प्यूटर सेटिङ :
मगन कम्प्यूटर सर्भिस
महेन्द्रपुल, पोखरा

मुद्रण :
सुवाणी प्रिन्टर्स
महेन्द्रपुल, पोखरा

# धर्म चक्षु

(बौद्ध द्वैमासिक)

# DHARMA CHAKSHU

*(Buddhist Bi-Monthly)*
Pokhara, Nepal

**Sept.-Oct., Nov.-Dec. 1999**

वर्ष-४ अङ्क-२,३ पूर्णाङ्क-१०, भदौ-असोज, कार्तिक-मंसीर २०५६



## उन्नतिका सात कारणहरु :

(१) श्रद्धालु भएर रहनु (२) पाप कर्मदेखि लाज मानिरहनु (३) लोक अपवादको डर राख्नु (४) विद्याको संचय गर्नु (५) राम्रो काम गर्नमा खुब उत्साह राख्नु (६) सधैं होशलाई जाग्रत बनाइराख्नु (७) प्रज्ञावान हुनु ।

## सदाचरणबाट हुने फाइदा :

(१) सदाचरणले सम्पत्तिको वृद्धि हुन्छ ।

(२) समाजमा कीर्ति बढाउँदछ ।

(३) हरेक सभामा प्रभाव पर्दछ ।

(४) शान्तिसँग मृत्यु पाउँदछ ।

# धम्मपद

## १ - यमकवग्गो

## (जोरा वर्ग)

**यथा'गारं सुच्छन्नं--वुट्ठी न समतिविज्झति ।**
**एवं सुभावितं चित्तं--रागो न समतिविज्झति ॥१४॥**

जस्तो राम्रोसँग छाएको छानाबाट पानी चुहुँदैन त्यस्तै शुद्ध चित्तमा राग चुहुँदैन ।

**इध सोचति पेच्च सोचति, पापकारी उभयत्य चोचति**
**सो सोचति सी विहञ्ञति, दिस्वा कम्मकिलिट्ठम'त्तनो ॥१५॥**

पापी व्यक्तिलाई इहलोक परलोक दुवै लोकमा शोक हुन्छ, आफूले गरेको खराब कामलाई देखेर आफै आफ दुःख र पीडित हुन्छ ।

**इध मोदति पेच्च मोदति, कतपुञ्ञो उभयत्थ मोदति ।**
**सो मोदति सो पमोदति, दिस्वा कम्मविसुद्धिम'त्तनो । ॥१६॥**

पुण्यवान् व्यक्ति इहलोक परलोक दुवै लोकमा सुखी हुन्छ, आफूले गरेको राम्रो कामलाई देखेर आफै सुखी हुन्छ, प्रमुदित हुन्छ ।

**इध तप्पत्ति पेच्च तप्पत्ति, पापकारी उभयत्थ तप्पति ।**
**पापं मे कतन्ति तप्पति, भीचयो तप्पति दुग्गतिं गतो । ॥१७॥**

पापी व्यक्तिलाई यहाँ पनि वहाँ पनि दुवै लोकमा ताप हुन्छ, मैले पाप गरें भन्ने विचारले मनमा संताप हुन्छ, दुर्गतिमा पुगेर उसलाई झन वर्ता ताप हुन्छ ।

**इध नन्दति पेच्च नन्दति, कतपुञ्ञी उभयत्थ नन्दति ।**
**पुञ्ञं मे कतन्ति नन्दति, भीचयो नन्दति सुग्गतिं गतो । ॥१८॥**

पुण्यवान व्यक्तिलाई इहलोक परलोक दुवैमा आनन्दको अनुभव हुन्छ, मैले पुण्य गरें भनी आनन्दित हुन्छ, परलोकमा पुगेर यहाँ भन्दा पनि धेरै आनन्द प्राप्ति गर्छ ।

*क्रमश .....*

# लुम्बिनी विकास-संक्षिप्त चर्चा

– छत्रराज शाक्य, तानसेन

शान्तिका अग्रदूत भगवान बुद्धको जन्म इ.पू. ६२३ मा लुम्बिनी शालोद्यानमा भएको थियो । विश्वमा नेपाललाई सगरमाथाको देश अथवा बुद्ध जन्मस्थलको रुपमा चिनिन्छ । विश्वका बौद्धहरु तथा बुद्धका अनुयायीहरु र शान्ति प्रेमीहरुको लागि लुम्बिनी पावन तीर्थस्थल, प्रेरणा श्रोतको रुपमा रहेको छ । यसैले यो पवित्र भूमिलाई तीर्थस्थल, शान्तिको मुहान, धार्मिक पर्यटन स्थलको रुपमा विकास गर्न हाम्रो सबैको दायित्व हुन आउँछ । लुम्बिनी गुरु योजना तर्जुमा गरी सो अनुसार विकास गर्ने प्रयास भइरहेकोमा विकास निर्माणको गतिमा तिब्रता ल्याउनुपर्ने आवश्यक भएको छ ।

१. **लुम्बिनीको ऐतिहासिक पक्ष :**

**क) बुद्ध जन्मस्थल** : इ.पू. छैठौं-सातौं शताब्दीमा भागीरथी (वाणगंगा) नदीको नजिकै कपिलवस्तु शाक्य गणराज्य र रोहिणी नदीको नजिकै देवदह, कोलिय शाक्य गणराज्य थिए । यी दुइ राज्यको मध्य क्षेत्रमा लुम्बिनी ग्राम पर्दथ्यो । बौद्ध ग्रन्थहरुमा लुम्बिनीलाई हरियो शाल वृक्षहरु पर्याप्त भएकोले शालोद्यान, उपवन, वाटीका, रमणीय स्थल भनि वर्णन गरिएको पाइन्छ । यो स्थलको नाम लुम्बिनी कसरी रहन गयो भन्ने सन्दर्भमा सिद्धार्थ कुमारको बज्यै, महामायादेवीको माताको नामबाट रहन गएको भनिन्छ । त्यस्तै देवदहको राजा सुप्रबुद्धको रानीको नाम पनि लुम्बिनी थियो ।

इ.पू. छैठौं-सातौं शताब्दीमा कपिलवस्तु राज्यमा राजा शुद्धोदन र महारानी महामायादेवीले राज्य गर्दथे । महारानी जब गर्भवस्थामा माइत जाने इच्छा प्रकट गरी देवदहमा जाने क्रममा बीच बाटोमा लुम्बिनीमा विश्राम गर्न पुगे, इ.पू. ६२३ को बैशाख पूर्णिमाको दिन महामायादेवीको लुम्बिनीमा शाल वृक्षको मूनि राजकुमार सिद्धार्थ गौतमको जन्म भयो । '**अग्गोहमस्यि लोके, जेठोह मासी लोके ....**' भनी सिद्धार्थ कुमारले प्रथम उद्गार व्यक्त गर्नुभएको थियो । बौद्ध ग्रन्थ अनुसार चतु महाभिठानानी अर्थात चार दर्शनीय स्थलहरु मध्ये बुद्ध जन्मस्थल लुम्बिनी, बुद्धगया, सारनाथ र कुशीनगर स्थलहरुलाई लिइन्छ । सिद्धार्थ कुमार बुद्ध भइसकेपछि स्वयं आफ्नो जन्मस्थल लुम्बिनी आउनुभएको थियो । बुद्धस्थल र त्यसपछि भिक्षुसंघ बस्ने बौद्ध विहारहरु लुम्बिनीमा बन्दै गरेको थियो । जस्को भग्नावशेष पुरातात्वीक उत्खननबाट लुम्बिनीमा प्राप्त भएको छ ।

**ख) लुम्बिनीमा सम्राट अशोक र अन्य यात्रीहरु :** मगधका सम्राट अशोक आफ्नो राज्यरोहणको बिसवाँ वर्षमा भगवान बुद्धप्रति श्रद्धा व्यक्त गर्न र जन्मस्थलको दर्शन गर्न स्वयं आफ्नो गुरु उपगुप्तको साथमा इ.पू. २४९ मा लुम्बिनी आएका थिए । भगवान बुद्धको जन्मस्थललाई सुनिश्चित बनाउन र आफ्नो यात्रालाई स्मरणीय बनाउन, लुम्बिनीमा चैत्य निर्माण गरी ठूलो शीला स्तम्भ (अशोक स्तम्भ) खडा गर्नु भयो । सो अशोक स्तम्भमा ब्राम्ही लिपीमा निम्नकुराहरु (शिलालेख) लेखिएको छ ।

**"देवान पियन पियदसित लाजिन विसतिवसाभिसितृन अतन आगाच महियते हिदबुधेजाते सक्यमुनिति सिलाविगवडभी च कालापिते सिलाथमे च उपसपापिते हिद भगवं जातेति लुंबिनी गामे उबलिके कते अठ भागिये च"** अर्थ "देवताहरुका प्रिय प्रियदर्शी (अशोक) राजा राज्यभिषेकको २० औं वर्षमा आफै सवारी भइबक्स्यो । यहाँ बुद्ध शाक्यमुनिको जन्म भएको हो ढुंगाको एउटा प्राचीर बनाउन लगाइबक्स्यो र एउटा शिलान्यास स्थापना गरी बक्स्यो । यहाँ भगवानको जन्म भएकोले लुम्बिनी ग्राम वली (कर) मुक्त गरियो र अष्टभागीय पनि । राजा अशोकको लुम्बिनी भ्रमण र अशोक स्तम्भ स्थापना नै लुम्बिनीको विकासको थालनी भएको मान्नुपर्दछ । तर अशोकको भ्रमण पछि कैयौं शताब्दीसम्म लुम्बिनीमा केही भएन, उजाड, निर्जन रह्यो ।

इ.स ४१३ मा चिनियाँ यात्री फाहियान लुम्बिनी पुगे । उनको अनुसार कपिलवस्तुको ५० ली, पूर्व लुम्बिनीमा महारानी मायादेवी स्नान गर्नुभएको पवित्र कुण्ड देखेको र करीब २० पाइला उत्तरतिर सिद्धार्थ जन्मस्थल छ भनि यात्रा वर्णनमा लेखिएको छ ।

इ.स. ६३६ मा ह्वेन साङ लुम्बिनी पुगी यस प्रकारले यात्रा वर्णन गरेको छ । ल-फ-नी उनले पवित्र कुण्ड देखेका थिए । पवित्र वृक्ष सुकेको वर्णन गरेको छ ।

विभिन्न चैत्य र स्तुपहरु साथै अशोक स्तम्भ देखेको थियो। स्तम्भमाथि घोडाको मूर्ति टुक्रा भएर तल छित्रिएको देखेको थियो।

पश्चिम नेपालका खस राजा रिपु मल्ल सन १३१४ मा लुम्बिनी आएका थिए। "ओम मणि पद्मे हुँ" लेखाएको अद्यावधि स्तम्भ छ। यसपछि ५/६ शताव्दीसम्म लुम्बिनी उपेक्षित रह्यो र जलवायुका प्रभाव अनुसार सबै चैत्य, स्तुप, विहार, अशोक स्तम्भ भग्नावशेष हुँदै पृथ्वीको गर्भ भित्र लुप्त हुँदै गयो।

**ग) अशोक स्तम्भ पुनः पत्ता लगाउनु र अन्य उत्खनन** : पाल्पाका गभर्नर डा. खड्ग शमशेर जवराले सन् १८९६ मा उत्खनन गरी अशोक स्तम्भ को ३ फूट जति फेला परिसके पछि, जर्मनीको डा. फुहरर खड्ग शमशेर भेट्न आउँदा फोटो खिची संसारमा प्रचार गर्ने काम गरे। अतः शुरुमा पत्ता लगाउने श्रेय पाल्पाका खड्ग शमशेरलाई नै जान्छ। अशोक स्तम्भमा 'हिदबुधे जाते सक मुनिति .... लेखिएको हुँदा भगवानको जन्मस्थल बारे स्पष्ट रुपमा प्रमाणित भएको छ।

सन् १८९९ मा पी.सी. मुखर्जीले लुम्बिनीमा उत्खनन गरे। उनले तिलौराकोट (कपिलवस्तु) निग्लीहवा र गोटीहवा पनि निश्चित गरे। त्यसपछि नेपालका जनरल केशर शमशेर जबराले १९३३-३९ मा लुम्बिनीमा उत्खनन गरे। उत्खनन अवैज्ञानिक भएकोले धेरै कुरालाई हानी पुऱ्याएको भनिन्छ।

उत्खनन्मा स-साना स्तुपहरु विहार भग्नावशेष फेला पारेका थिए माटाका भाँडाहरु, खेलौनाहरु मूर्तिहरु, सिक्काहरु पोते आदि।

श्री ५ को सरकारको पुरातत्व विभागले १९७०-७१ मा सर्वप्रथम वैज्ञानिक ढंगवाट लुम्बिनीमा पुरातात्विक उत्खनन गऱ्यो। 'प्राचीन लुम्बिनी ग्राम' पत्ता लगाउन पुराना-पुराना घर (हालको प्रहरी कार्यालय) नजिकै ढिस्को उत्खनन गरे। ईशापूर्व पाँचौं छैठौं शताव्दीदेखि अशोक काल सम्मका विभिन्न पुरातात्विक महत्वका वस्तुहरु फेला परे। सबैभन्दा तल्लो सतहमा माटोको गाह्रो अथवा पर्खाल बनाएर र माटोको चक्का ईनार, केही भाँडोका मानव खप्पर, फलामे सिक्री, टुक्राहरु, चराचुरुङ्गी, जनावरका हाड खोडहरु गुप्तकालीन भूमि स्पर्श मुद्राको माटोकै बुद्धमूर्ति फेला परे।

सबभन्दा पछिल्लो उत्खनन मायादेवी मन्दिर स्थलमा नै १९९४ मा उत्खनन गरेर भगवान बुद्धको जन्मस्थल सिद्धार्थ कुमारले पहिलो पटक धर्तीमा पाइला टेकेको स्थलमा राजा अशोकले राखेको ७० गुणा ४० गुणा १० से.मी. को विशेष ढुङ्गो पत्ता लगायो। यो मुख्य उपलब्धी थियो। उक्त टोलीमा लुम्बिनी विकास कोषको तर्फबाट पुरातत्वविद् बाबुकृष्ण रिजाल, पुरातत्व विभागबाट कोशप्रसाद आचार्य र जापानी बौद्ध फेडरेशनकातर्फबाट S. Vesaka पुरातत्वविदहरु थिए। मण्डल (च्याम्बर) को लम्बाई १६ मी. र चौडाई १२ मिटरको छ। ३, ३ खण्डको ५ पश्चिम १५ वटा सम्म कोठाहरु (३, ३ मिटरको) रहेका छन्। यो उत्खननमा राजकुमार सिद्धार्थ र यशोधरा शयन कक्षमा रहेको माटोको मूर्तिको प्लेट प्राप्त भएको छ। यो माटोको मूर्ति चौधौं र छैठौं शताव्दीको गन्धार शैलिको छ।

**२. लुम्बिनीमा वर्तमान विकासको थालनी :**

लुम्बिनीको विकास गर्ने क्रममा स्व. श्री ५ महेन्द्र सरकारको महत्वपूर्ण योगदान रहेको छ। १९५६ मा सवारी हुँदा स्थिति हेरी साह्रै दुःखी भयो। श्री ५ त्रिभुवन सरकारबाट २००८ सालमा ४ सदस्यिय लुम्बिनी प्रबन्धक समिति भैरहवाको बडाहाकिमको अध्यक्षतामा गठन भयो। सदस्यहरुमा धर्मोदय सभाका प्रतिनिधि, कपिलवस्तुका वडाहाकिम र प्रतिष्ठित व्यक्तिहरु थिए। लुम्बिनीलाई वार्षिक रु. १० हजार रकम, भिक्षु १, बगिचे १, हेरचाह गर्ने व्यक्ति १ जना नियुक्त गरिएका थिए।

१९५४ मा वर्मामा तृत्तीय विश्व बौद्ध सम्मेलन हुँदा स्व. श्री ५ त्रिभुवन सदच्छा अनुसार नेपालमा चौथो विश्व बौद्ध सम्मेलन १९५६ मा गर्ने प्रस्ताव स्वीकृत भयो। तर १९५५ मा श्री ५ त्रिभुवन दिवंगत होइबक्स्यो। त्यसपछि २०१३ (१९५६) मा श्री ५ महेन्द्र सरकारको पालामा विश्व बौद्ध सम्मेलन भयो। यो सिलसिलामा राजा महेन्द्रबाट रु. २१ लाख लुम्बिनी विकासको लागि बक्स भयो। लुम्बिनी मायादेवी मन्दिर जिर्णोद्वार, पवित्र पोखरी सफाई, धर्मशाला निर्माण, पानी प्रबन्ध, भैरहवा लुम्बिनी सडक मर्मत, लुम्बिनी धर्मोदयसभालाई मन्दिर, स्तम्भ, कुण्ड, हेरचाह गर्न जिम्मा दिइएको थियो।

अप्रिल २३, १९६२ मा संयुक्त राष्ट्र संघको महासचिव उथान्तले लुम्बिनी भ्रमण गर्नुभयो। लुम्बिनीको

दुर्दशा देखेर उप्रान्त दुःखी हुनुभयो। काठमाण्डौ आएपछि राजा महेन्द्रलाई लुम्बिनी गुरुयोजना बनाई यु.एन.ओ. ले अन्तर्राष्ट्रिय रुपमा सहयोग गर्ने प्रस्तावको राजाबाट स्वीकृति बक्स भयो। पछि नेपालले यु.एन.ओ. लाई प्राविधिक सहयोगको लागि औपचारिक अनुरोध गऱ्यो।

- १९६८ मा नेपाल र यु.एन.ओ. मिलेर धेरै कामहरु शुरु गरे।

- १९७० मा उथान्तले लुम्बिनीलाई अन्तर्राष्ट्रिय आयोजना (International Project) को रुपमा घोषणा गऱ्यो।

१९७० मा नै यु.एन.ओ. को अन्तर्गत १३ राष्ट्र सम्मिलित लुम्बिनी विकास समिति L.D.C.। यु.एन.ओ. को आवासीय प्रतिनिधिको अध्यक्षतामा गठन भयो। सदस्यहरुमा १ अफगानिस्तान र वर्मा, कम्बोडिया, श्रीलंका, भारत इण्डोनेशिया, जापान, लावस, मलेसिया, पाकिस्तान, सिंगापुर, आयरलैण्ड, नेपाल थिए। पछि २ देशहरु भूटान र द. कोरिया थपिए। पछि ती देशहरु र अन्य बौद्धविद्वानहरु समावेश गरी सल्लाहकार समिति पनि गठन भयो। सबैको सल्लाहबाट लुम्बिनी विकास गुरुयोजना तर्जुमा गर्न जापानी वास्तुकलाविद् प्रो. टाँगेलाई जिम्मा दिने निश्चय भयो।

**लुम्बिनी गुरु योजना :**

१९७२-१९७८ मा प्रो. टाँगेले गुरु योजना तयार गर्नुभयो। यो गुरु योजनालाई सन् १९७८ मा यु.एन.ओ. र श्री ५ को सरकारले स्वीकृत गऱ्यो। श्री ५ को सरकार र यु.एन.ओ. ले सन् १९६८ देखि नै लुम्बिनी र वरपर विकास कार्यक्रमको थालनी गरेको थियो। बौद्ध दर्शनको आधारमा गुरु योजनाको डिजाइन आकार प्रकार व्यवस्था गरिएको छ। बौद्ध दर्शन अनुसार २ आधारभूत सत्य छन्। १) **परमार्थ सत्य** र २) **सम्प्रति सत्य**। योजना क्षेत्रमा निर्माण गरिने सबै कुराहरु गोलो र चारपाटे आकारको परिकल्पना गरिएको छ।

१) **गोलाकारको अर्थ** हुन्छ (क) ब्रम्हाण्ड संरचना, ग्रहहरु गोलाकार, (ख) आमाको गर्भ अशोक स्तम्भलाई केन्द्र मानेर पवित्र उद्यान वरपर गोलाकार जलाशय निर्माण गर्ने गोलाकार तटवन्ध २.७७ कि.मी. छ (ग) धर्म चक्र (घ) अनित्यताको बोध गोलाकार चक्रमा प्रारम्भ र अन्त छुट्टिँदैन। प्रतित्यसमुत्पादको १२ वटा अवस्था कडीहरु छन्।

२) **चारपाटे अर्थ** (क) चार आर्यसत्य (ख) बुद्ध शासनको चार अंगहरु भिक्षु, भिक्षुणी, उपासक, उपासिका। (ग) चार दिशा पूर्व, पश्चिम, उत्तर, दक्षिण। (घ) मण्डल धारणा (महाकाव्य बौद्ध समुदाय अनुसार) (ङ) चार तत्वहरु - अग्नी, वायु, जल, पृथ्वी आदि।

तेलार नदीलाई गर्भ-साल नालको कल्पना गरिएको छ।

योजना क्षेत्र उत्तर दक्षिण ३ माइल र पूर्व पश्चिम १ माइलको छ। ११५० बिघा (७७० हेक्टर) जमीन रहेक छ। गुरु योजना अनुसार मुख्य १-१ माइल गरी ३ क्षेत्रमा विभाजन गरिएको छ।

१) **पवित्र उद्यान क्षेत्र** : यस क्षेत्रलाई पुरातात्विक एवं धार्मिक क्षेत्रको रुपमा विकास गर्ने लक्ष्य राखेको छ यस क्षेत्रमा अशोक स्तम्भ, मायादेवी मन्दिर, पवित्र पोखरी र पुरातात्विक भग्नावशेषहरु रहेका छन्। यस बाहेक अरु पछि निर्माण भएका कुराहरु पनि योजनामा छ। साथै बगैंचा निर्माण, गोलाकार जलाशय निर्माण गर्ने लक्ष्य रहेको छ।

२) **अन्तर्राष्ट्रिय विहार क्षेत्र र सांस्कृतिक केन्द्र** : दोश्रो १ वर्ग मील छुट्याइएको क्षेत्रमा दक्षिण तर्फको अन्तर्राष्ट्रिय विहार गुम्बा क्षेत्र र उत्तर तर्फ साँस्कृतिक क्षेत्र गरी २ भागमा विभाजन गरिएको छ। बीचमा उत्तर दक्षिण १.७७ कि.मी. केन्द्रिय नहर निर्माण गरिएको छ। पूर्वमा थेरवादी विहारको लागि १३ वटा जमिन, चक्ला छुट्याइएको छ। पश्चिम महायानीको लागि २९ चक्ला गरी जम्मा ४२ चक्ला व्यवस्था गरिएको छ। उत्तर तर्फ म्युजियम, पुस्तकालय, अनुसन्धान केन्द्र र सभागृह आदि रहेका छन्।

३) **नयाँ लुम्बिनी ग्राम** : उत्तर दिशामा तेश्रो १ मिलको क्षेत्र, भैरहवा-तौलिहवा सडक वारपार भएर गएको छ। आगन्तुकलाई प्रवेश सूचना गृह, रेष्टुराँ, होटल, टेलिफोन, बैङ्क, पुलिस, दमकल सम्पूर्ण सुविधा उपलव्ध हुनेछ। प्रशासनिक भवनहरु आदि हुनेछ। भवनहरु ८ व्लकमा विभाजन गरिएका छन्। सडकको उत्तरमा प्रशासनिक केन्द्र र दक्षिणमा पर्यटक केन्द्रको रुपमा विकसित हुनेछन्।

**योजनाको लागत :**

प्रारम्भमा ५.५० करोड अ. डलर लागत रहेकोमा

पछि ६.५० करोड डलर पुग्यो र वर्तमान दरमा कैयौं गुणा बृद्धि भएको छ ।

गुरु योजना तयार गर्न यु.एन.डि.पी., जापान आदिले ८,८७,६५०।- अमेरिकी डलर सहयोग गरेको थियो ।

**हाल सम्मको प्रगति** :

१) पवित्र उद्यानमा केही बगैंचा, चक्ला बनाउने, गोलाकार बाँध, गोलाकार जलाशय केही निर्माण भएको छ । बृक्षारोण, लुम्बिनी विकास कोष, जापानीज बौद्धिष्ट फेडरेशन, श्री ५ को सरकार र पुरातत्व विभाग मिलेर पुरातत्व उत्खनन भएको छ । सिद्धार्थ कुमारको खास जन्मस्थलमा विशेष शिला राखिएको पत्ता लागेको छ ।

२) अन्तर्राष्ट्रिय विकास क्षेत्र सांस्कृतिक केन्द क्षेत्र अन्तर्गत केन्द्रिय नहर, सडकको निर्माण भई २१ प्लट जग्गा वितरण भएकोमा १६ प्लटमा विभिन्न बौद्ध देशहरु र संस्थाहरुबाट विभिन्न विहार, स्तुप निर्माण भैरहेको छ । पुस्तकालय र अनुसन्धान केन्द्र, म्यूजियम निर्माण भई संचालन भइरहेका छन् ।

३) लुम्बिनीग्राम अन्तर्गत हाइस्कूल भवनको जग, श्रीलंका तीर्थयात्री विश्राम गृह, होक्के होटेलको संचालन, मिकासा होटल निर्माणाधीन केही कर्मचारी आवास भवन, विश्व शान्ति स्तुप आदिको निर्माण भइरहेको छ। यसबाहेक मैत्रीपूल, १५० टेलिफोन लाइन वितरण, ३९ जातका ६२० लाख बिरुवा बृक्षारोपण गरिएको छ ।

**लुम्बिनी विकास कार्यमा देखा परेका समस्या, कमजोरी र केही सुझावहरु** :

लुम्बिनी विकास गुरुयोजना अनुसार कामहरु अगाडि बढाउने क्रममा कैयौं समस्याहरु, कमजोरीहरु देखा परेका छन् । यहाँ केही मुख्य समस्याहरु र निराकरणका केही उपायहरु संक्षिप्तमा चर्चा गरिएको छ ।

१) **आर्थिक श्रोत साधनको अभाव** : गुरु योजनाको पूरा लागत निकै ठूलो रकम भएकोले नेपालका संस्थाहरु र श्री ५ को सरकारले मात्र आर्थिक साधनको व्यवस्था गर्न निकै गाह्रो देखिन्छ । यसको लागि अन्तर्राष्ट्रिय रुपमा नै श्रोत साधनको परिचालन गर्नुपर्दछ । लुम्बिनी विकास कोषलाई श्री ५ को सरकारले वार्षिक रु. १.०५ करोड अनुदान दिने रकम निकै कम देखिन्छ। अनुदान रकम वृद्धि गरिनुपर्दछ ।

२) **श्री ५ को सरकारको प्राथमिकतामा नपर्नु** : लुम्बिनी गुरुयोजना अनुसार निर्माण गर्नुपर्ने विभिन्न इकाइहरुको निर्माण कार्यमा सरकारले आवश्यक प्राथमिकता दिन सकेको छैन । विभिन्न मन्त्रालय र विभागहरुले आ-आफ्नो कार्यक्रममा सडक, संचार, बिजुली, नहर, भवन आदि निर्माण कार्यलाई समावेश गरी वार्षिक बजेटमा रकम व्यवस्था गर्न सकेमा योजना अनुरुप निर्माण गतिलाई अगाडि बढाउन सकिन्छ ।

३) **अन्तर्राष्ट्रिय सहयोगमा कमी** : लुम्बिनी गुरुयोजना तर्जुमा र प्रारम्भिक कार्यान्वयनमा यु.एन.ओ लगायत अन्तर्राष्ट्रिय दातृ संस्थाहरु र देशहरुको सहयोग पर्याप्त देखिएको थियो । तर पछि आएर यसमा ह्रास भएको देखियो । गत ०५५ को मार्ग १५-१६ मा विश्व बौद्ध शिखर सम्मेलन लुम्बिनीमा सुसम्पन्न भएकोमा यसले अन्तर्राष्ट्रिय सहयोगमा बृद्धि गरिनुपर्ने कुरामा प्रतिबद्धता देखाइएको हर्षको कुरा भएको छ । यसको लागि नेपालले अझै बढी मात्रामा विश्वसनियता जगाउनु पर्ने देखिन्छ ।

४) **पदाधिकारीहरुको बराबर फेरबदली हुनु** : लुम्बिनी विकास कोषको पदाधिकारीहरु छोटो समयमा सरकार परिवर्तनको साथै बरावर फेरबदल भइराख्नाले काम गर्ने वातावरणमा प्रतिकूल असर परेको देखिन्छ । अतः लु.वि.को. व्यवस्था अनुसार ५ वर्षको पूरा अवधिको कार्यकाल व्यवहारिक रुपमा लागू गर्नुपर्ने नितान्त आवश्यक छ ।

५) **दक्ष जनशक्तिको अभाव** : गुरुयोजना अनुरुप व्यवस्थित ढङ्गबाट योजना क्षेत्रमा कार्य सम्पादन गर्न योग्य, दक्ष, कार्यकुशल जनशक्ति तयार गर्न बराबर तालीम, कार्यशाला गोष्ठी आदिको आयोजना गर्नु पर्दछ ।

६) **आम्दानीका श्रोतहरु परिचालन गर्न नसक्नु** : लुम्बिनी क्षेत्रमा हाल आम्दानीका श्रोतहरु पर्याप्त रुपमा देखिंदा पनि हालसम्म श्रोत परिचालन गर्न सकिएको छैन । लु.वि.को. को ध्यान यस तर्फ गएको छ । लुम्बिनी क्षेत्रभित्र प्रवेश वा सेवा शुल्क लगाउने, बस पार्किङ्ग शुल्क लगाउने, विभिन्न विहार, गुम्बा आदि क्षेत्रको लिज रकम बृद्धि गर्ने आदि कार्यक्रम लागू गर्न सकिएमा लु.वि.को. लाई बर्सेनी करिब ५० लाखको आम्दानी बृद्धि हुने देखिन्छ ।

७) **लुम्बिनीको सुरक्षा सम्बन्धी समस्या** : सम्पूर्ण योजना क्षेत्र ठूलो भएको र चारैतिर बार-बन्धन, पर्खालको

राम्रो व्यवस्था नहुँदा विभिन्न अतिक्रमण भइरहेको छ। केही वर्ष अघि जापानी बौद्ध भिक्षु नावातामेको दु:खद हत्या भएको थियो। अत: यसको लागि बार-बन्धन, पर्खाल आदिको निर्माण योजना बनाउनु पर्ने आवश्यक भैसकेको छ। साथै प्रवेशद्वारमा कडा सुरक्षा व्यवस्था पनि गरिनु पर्ने देखिन्छ।

८) **स्थानीय जनसहभागिताको अभाव** : लुम्बिनीको विभिन्न विकास निर्माण कार्यमा स्थानीय जनसहभागिताको अभाव र रुचि पनि कम देखिन्छ। हाल यसतर्फ लुम्बिनी विकास कोषले विभिन्न कार्यक्रमहरु स्थानीय गा.वि.स. निकाय आदिसित मिलेर संयुक्त रुपमा संचालन गरेको छ। यो प्रक्रियालाई अगाडि बढाउनु लाभप्रद हुनेछ।

अन्तमा, भगवान बुद्धको पावन जन्मस्थल विश्वभरिका बौद्ध र शान्तिप्रेमीहरुको पवित्र तिर्थस्थलमात्र नभई, विश्व शान्तिको मुहान, पर्यटक स्थल, पुरातात्विक ऐतिहासिक एवं सांस्कृतिक महत्वको स्थल समेत भएको हुँदा यसकोविकासमा सिंगो राष्ट्रकै विकास प्रतिविम्वित हुन्छ।

लुम्बिनीमा वर्षेनी विदेशी र स्वदेशी गरी करिव एक लाख तिर्थयात्रीहरु आउँछन्। विश्वका ३ अरब बौद्धहरु मध्ये १ प्रतिशत मात्र लुम्बिनी आए ३ करोड सख्यामा पुग्दछ। यसले विदेशी मुद्रा आर्जनमा उल्लेखनीय बृद्धि हुन गई राष्ट्रकै आर्थिक विकासमा ठूलो टेवा पुग्न जाने कुरामा विश्वस्त हुन सकिन्छ।

क्षेत्रीय दृष्टिकोणले पनि लुम्बिनी र गण्डकी अंचलको क्षेत्रको आर्थिक विकासको लागि प्रमुख मेरुदण्ड नै हुन सक्दछ। लुम्बिनी, कपिलवस्तु, भैरहवा, बुटवल, देवदह, रामग्राम, तानसेन, पोखरा, बौद्ध चक्रमथको रुपमा विकास गरेर लुम्बिनी दर्शनार्थ आउने यात्रीहरुलाई यस क्षेत्रको सम्पूर्ण बौद्ध र अन्य स्थलहरुमा घुमाउन सकिने हुन्छ। लुम्बिनीमा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण पछि त यस क्षेत्रलाई अन्तर्राष्ट्रिय बजारको रुपमा विस्तार एवं विकास गर्न सकिने प्रशस्त संभावना रहेको छ। अत: लुम्बिनी गुरुयोजना यथाशिघ्र पूरा गर्न राष्ट्रकै ध्यान केन्द्रित हुनुपर्ने देखिन्छ।

❑❑❑

# निर्वाण मार्ग

डा. भिक्षु सुनन्द

मनलाइ एउटै चीज विषयमा शान्त केन्द्रित गरिराख्नु नै समथ भावना ध्यान हो।
परिकम्म, उग्गह, पटिभाग निमित्त परिकम्म, उपचार, अप्पना समाधिमा देखिन्छ ॥धु॥

राग, द्वेष, मोह, श्रद्धा, बुद्धि, वितर्क चरित्र मध्ये योगीको स्वभाव अनुसार विषयक।
अशुभ, मैत्री, ज्ञानउपज, अनुस्मृति, त्रिलक्षण, आनापाना स्मृति आदि ध्यान गर्नु ॥१॥

कामइच्छा, दुर्भावना, अल्छीपन, विक्षिप्तमन, शंका रुपी नीवरण सबै छोडनु।
वितक्क, विचार, प्रीति, सुख, एकाग्रता संयुक्त प्रथम रुप ध्यान लाभ हुन्छ ॥२॥

आकाश अनन्त, विज्ञान अनन्त, शून्य, नैव-सञ्ज्ञा-ना-सञ्ज्ञा-आयतन अरुप ध्यान हो।
सञ्ज्ञा वेदयित निरोध समापति, सर्वोत्कृष्ट ध्यान अनागामिले पनि लाभ गर्न सक्छ ॥३॥

शील, समाधि, प्रज्ञाको वृद्धिले क्रमश: वीतिक्कम, परियुट्ठान र अनुसय किलेस काटिन्छ।
विपस्सना ज्ञानीले अनित्य दु:ख, अनात्मालाइ देखी संस्कार रहित निर्वाण प्राप्त गर्छ ॥४॥

❑

# गर्नैपर्ने धर्म रहेछ !

- सुवर्ण

छोप्यो छोप्यो, मलाई छोप्यो,
मिथ्या धारणाले अतिनै।
आफू मात्र बाचुँ भन्ने,
धारणाले यसरी छोप्यो ॥

जन्म लिएँ सुन्दर भवमा,
सत्य कर्म गर्छु भन्दै।
बाँचिरहेँ जीवन भरका,
मिथ्या दिनलाई गन्दै यसरी ॥

केही पल बाँचेर फेरी,
मर्नुपर्ने चोला पो रहेछ।
मनको मैला धोई पखाली,
गर्नुपर्ने धर्मै पो रहेछ ॥

❑

# मैत्री भावना

- भिक्षु संघरक्षित, संघाराम

(१)

**भावना**

भावना कति प्रकारका छन् ? भावना धेरै प्रकारका छन् । तापनि समष्टिगत रुपमा भावना ४० प्रकारका छन् । यो चालीस प्रकारका भावना मध्ये योगावचरहरुले छनौट गरी चरित्रानुकूल आ-आफ्नो चरित्रयोग्य भावना गर्दछन् । चरित्र ६ प्रकारका छन् । जस्तो : राग चरित्र, द्वेष चरित्र, मोह चरित्र, श्रद्धा चरित्र, बुद्धि चीरत्र तथा वितर्क चरित्र । उक्त ६ चरित्र मध्ये आफ्नो जुन चरित्र हो, जुन अत्यधिक मात्रामा आफूभित्र विद्यमान छ, त्यसै अनुकूल भावनामा योगावचरहरु व्यस्त हुन्छन् ।

**चरित्र**

६ चरित्रमध्ये एक चरित्र द्वेष हो । द्वेष चरित्र नै द्वेष स्वभाव हो । त्यही द्वेष कारणले गर्दा नै सत्वप्राणी वीचमा नाना प्रकारका अन्याय, अत्याचार तथा भै-भगडा भइरहन्छ । असमानतापूर्ण व्यवहार, अप्रिय सम्बन्धिको काम कुरो सम्पूर्ण द्वेषको कारणले नै उत्पन्न हुने हो । जहाँसम्म द्वेषले दुषित भएर रहन्छ, त्यहाँसम्म प्राणीहरु अविद्या, अन्धकारले विभूषित भएर रहन्छ । यो द्वेष शान्त गर्नको निम्ति मैत्री चित्त परम आवश्यक छ । द्वेष चित्त हटाउने एक मात्र उपाय, एक मात्र मार्ग, एक मात्र साधना नै मैत्री भावना हो ।

**मेत्तादि अदोसो परेसं हितकामना** : मैत्रीले मात्र निर्दोषपूर्ण कृत्य अवलम्वन गरी परहित कामना गर्न सक्छ । किन्तु मैत्री भावना गर्ने व्यक्तिले माथि भनिए भैं द्वेषको कारणले अन्याय-अत्याचार आदिको दुष्परिणामलाई राम्ररी ज्ञात गर्नुपर्छ । द्वेष उत्पन्न भइसकेपश्चात कसैले कसैलाई वा कुनै सत्वले कुनै सत्वलाई कुशलमंगल होस् भन्ने कामना गर्न सक्तैन । द्वेषी मनुष्यले कहिले कदापि दयाको दृष्टिले व्यवहार गर्न सक्तैन । त्यो व्यक्ति सदैव क्रुर भावमा रहेर दानव स्वभावमा निहित भएर बस्छ । उ व्यापाद (=द्रोह वैमनश्य) चित्तको साथमा अनैतिक मार्गपथमा अग्रसर भई नै रहन्छ ।

द्वेषको कारणले गर्दा नै प्राणीले प्राणीप्रति हत्या गर्छ, परचित्तमा ठेस पुग्ने कुवचन प्रकाश पार्दछ । असमानताको आडमा जाति भेद, गोत्र भेद आदि कलंकको जागरण गराई कलह गर्ने कारणकै खोजिमा लागिपर्छ, अत: द्वेष कलहको बीज समान हो ।

द्वेष उत्पत्ति कारण आफूबाट : आफ्नो मित्रबाट तथा आफ्नो शत्रुबाट गरी नौ प्रकार र अर्को एक गरी दश प्रकारले हुने गर्छ । क्रमिक रुपमा यसरी भन्न सक्छौं ।

आफ्नो कारण

१) उसले हामीलाई अघि पनि दु:ख दियो ।
२) उसले हामीलाई अझ पनि दु:ख दिइनैरह्यो ।
३) भविष्यमा पनि दु:ख दिने नै छ ।

आफ्नो मित्रको कारण

४) उसले मित्रलाई अहित कार्य गऱ्यो ।
५) हाल पनि गरि नै रहेको छ ।
६) भविष्यमा पनि गरिनै रहनेछ ।

आफ्नो शत्रुको कारण

७) उसले शत्रुलाई उपकार गऱ्यो ।
८) हाल पनि उपकार गर्दैछ ।
९) भविष्यमा पनि उपकार गर्नेछ ।
१०) स्वभाव धर्मको कारणले (=सूर्य ताट्दैछ, चन्द्रमा जाज्वल्यमान भइरहेछ, वर्षा भयो, हुरी वतास चल्यो ......)

फलाना-धिस्कानाले यस्तो गऱ्यो, उस्तो गऱ्यो भन्ने वैमनश्य भएसम्म चित्तमा वैरी भाव शत्रु भाव नाश-विनाश हुन सक्तैन । शान्ति पनि अप्राप्त नै हुन्छ । धम्मपदमा भनिएको पनि छ :

**अक्कोच्छि मं अवधि मं, अजिनि मं अहासि मे ।**
**ये च तं उपनंय्हन्ति, वेरं तेसं न सम्मति ॥**

अर्थ

मलाई गाली गऱ्यो, मलाई कुट्यो, मलाई हराईदियो र मेरो वस्तु लग्यो भनेर जसले आफ्नो मनमा बारम्बार विचार गर्छ, त्यसको मनमा वैरभाव कहिल्यै शान्त हुँदैन ।

त्यस्तै नै, नाना कारणले अभ्यूदय भई नै रहने द्वेषलाई जसले निर्मूल गर्न सक्षम हुन्छ त्यो नै बीर पुरुष हुन्छ ।

**यो वे उप्पतितं कोधं, रथ भन्तं व धारये ।**
**तम हं सारथि ब्रूमि, रस्मिगाहो इतरो जनो ॥**

अर्थ

चतुर सारथिले द्रुतगतिमा दौड्दै रहेको रथ रोके झैं जसले आफूमा प्रस्फुटित क्रोधलाई रोक्छ, त्यो नै यथार्थको सारथि हो। अन्यथा अरु त लगामको छेउ समाउने मात्र हुन्।

मैत्रीको सम्बन्धमा तथागतको आज्ञा :

**मेत्ता विहारी भिक्खु, पसन्नो बुद्ध सासने।**

**अधिगच्छे पदंसन्तं, संखारुपं समं सुखं॥**

अर्थ

भिक्षुहरु ! जुन भिक्षुले बुद्ध शासनमा प्रसन्न भई मैत्री भावना गर्छ, त्यो भिक्षुले सम्पूर्ण संस्कारलाई शान्त पारी सुख शान्ति प्राप्त गर्दछ।

मैत्री चित्त बनाउन द्वेषबाट हुने दुष्परिणाम-उपद्रव आदि हरतरहबाट थाहा पाउनुपर्छ। द्वेषको दुष्परिणामबाट बच्न बुद्ध-बोधिसत्वहरुको उपदेश-कथा अनुस्मरण गरिरहनुपर्छ। अब यहाँ द्वेषले गर्ने दुष्परिणाम थाहा पाउन सानो कथा प्रस्तुत गर्छु।

पूर्व समयमा हिमालय पर्वतमा एक ऋषि थियो। उक्त ऋषि एकदिन शहरतिर जान लाग्दा मध्य पथमा एक सागर पार गर्नुपर्ने रहेछ। ऋषि डुङ्गाको सहारामा सागर पारी पनि पुग्यो। तत्पश्चात, माझिले ऋषिसँग आफूलाई चाहिने ज्याला माग्यो। तर उक्त त्यागी ऋषिले माझीलाई ज्याला दिन असमर्थ भयो। यता माझिले त्यति ज्याला पनि भयो भन्न सकेन। आफ्नो ज्याला नपाएर माझी क्रोधित भयो। क्रोधाग्नि भनेको प्रायः गरी स्वभावत अभिवृद्धि हुनुको अलावा घट्ने होइन रहेछ। माझिलाई ज्याला सम्झी-सम्झी झन्-झन् क्रोध आउन थाल्यो। अनि माझिले ऋषिलाई जगल्टामा समाएर गालामा चट्याक्क हिर्कायो। र पनि नपुगेर, भूमिमा लडाई घुँडाले छातिमा अडेस लगाएर गालामा चट्याक-चट्याक हिर्काई नै रह्यो। निरन्तर हात चलाई नै रह्यो।

यस्तै बेला माझिको गर्भवति पत्नी माझिलाई नै खाना लिएर आउँदै गरेकी, उक्त घटना दृश्यावलोकन गर्न नसकेर 'अरे ! अरे ! ! के गरेको, अहो ! ! !' भन्दै पतिलाई रोक्न गइन्। किन्तु माझिको क्रोध त घ्यू राखेको अग्नि झैं झन्-झन् दन्किन थाल्यो। अघि नै शान्त नभएको क्रोध स्वास्नीको चर्याले पनि शान्त हुन सकेन, अत्यधिक क्रोधले झन् अन्धो झैं बन्नपुग्यो र श्रीमतीलाई पनि "कराउन आउँछौ तिमी" भन्दै लात्तिले प्रहार गर्‍यो। स्वास्नीचाहिँ लम्पसार पर्ने गरी लड्न पुगी। गर्भवती नारी भएकीले गर्भको बच्चा सहित कहिल्यै नउठ्ने गरी देहावसान भई।

यो कथाको सार अंश यही हो कि द्वेषको स्वभाव अन्धो हुन्छ, जसको दुष्परिणाम भयङ्कर हुन्छ- भएरै छोड्छ। तब त, यस्तै दुर्व्यवहारबाट जोगिन नै मैत्री भावना आवश्यक हुन्छ।

(२)

मैत्री भावना कसरी गर्ने ? कसरी गर्दा मैत्री भावना सफल हुन्छ ? मैत्री भावना गर्न यस्तै नै द्वेषको दुष्परिणाम, द्वेषको अवगुणहरु दृष्टिगत गर्नुपर्छ। मित्रताले दिने शान्ति र सुखलाई अनुभव गर्नुपर्छ। पुनः मैत्री चित्त सन्मुख राख्नुपर्छ। आफ्नो सुख शान्ति साक्षी रुपमा अघि राख्दै सम्पूर्ण प्राणीप्रति हित सुख कामना गर्नुपर्छ। जसरी माताले आफ्ना सन्ततिहरुप्रति गर्ने गर्छन्।

**माता यथा नियं पुत्तं, आयुसा एक पुत्तमनुरक्खे।**

**एवम्पि सब्ब भूतेसु, मानसं भावये अपरिमाणं॥**

**मेतञ्च सब्बलोकस्मि, मानसं भावये अपरिमाणं।**

**उद्धं अधो च तिरियञ्च, असम्बाधं अवेरं असपतं॥**

अर्थ

आमाले जसरी एक्लो पुत्र प्रति आफ्नो प्राण समान रक्षा गर्ने हो, त्यसरी नै सम्पूर्ण सत्वहरुप्रति हित कामना गरिरहनेलाई असीम मैत्री भावना भनिन्छ।

तल-माथि शेष नराखिकन सकल दिशामा अवस्थित सम्पूर्ण सत्वप्रति सुख कामना, हित कामना गर्नेलाई अपरिमाण मैत्री भनिन्छ।

जुन व्यक्ति सदा सर्वदा सम्पूर्ण सत्वप्राणीप्रति हित कामना गरिरहन्छ, उसको हृदयमा क्रोधले बास गर्न सक्तैन। कारण : क्रोध भन्ने नै पर अहितको कारण बाट उत्पन्न हुने अकुशल चित्त हो। जुन व्यक्तिले कुनै व्यक्ति उपर हित कामना गरिरहन्छ, उसको चित्तमा उक्त व्यक्तिप्रति अनर्थ गर्ने-गराउने क्रोध चित्त, द्वेष भावना कहिल्यै पनि उत्पन्न हुन सक्तैन।

तसर्थ, द्वेष चरित्रका व्यक्तिले सदैव मैत्री भावना गरिनै रहनुपर्छ। द्वेष चरित्रको निम्ति मैत्री भावना सिवाय अन्य साधन केही पनि छैन। एक अमानवीय व्यक्तिभन्दा पनि द्वेष चित्त अत्यधिक खराब तथा भयङ्कर हुन्छ।

दिसो दिसं यं तं कयिरा, वेरी वा पन वेरिनं ।
मिच्छा पणिहितं चितं, पापियो नं ततो करे ॥

अर्थ

शत्रुले शत्रुलाई, वैरिले वैरिलाई त्यति हानी गर्दैन, जति अनैतिक पथमा अग्रसर चित्तले आफूलाई हानी गर्दछ।

द्वेष नै महान् द्वेष हो। किनकि क्रोधिहरुको रगत सदा तातिनै रहन्छ। उनीहरुको मूहार पनि सदैव बलिरहन्छ। क्रोधले आँखा पनि देख्दैन। त्यो तुरुन्त बूढा पनि देखिन्छ। जो अत्यधिक क्रोधी हुन्छ, उसको आयु पनि अल्पकालमै क्षीण हुन्छ। अतः क्रोधबाट बच्नु नै सबैको निम्ति कल्याण हो।

यसानुरुप द्वेषको दुष्परिणामलाई ज्ञान गरी, मैत्री भावनाबाट प्राप्त ११ आनिशंस तथा गुण पनि अवबोध गरी मैत्री भावना गर्ने गर्नुपर्छ। मैत्री भावना गर्नाले यी दुष्परिणामबाट बचिन्छ। साथै न्याय सदगुणका आनिशंस पनि प्राप्त हुन्छ। यिनीहरु यसप्रकार छन्:

**मेत्ता चेतो विमुति भावेन्वा योगातचर पुगलो**
**एकादसनिसंसे पटि लभति कतमे एकादस ?**

अर्थ

जुन व्यक्तिले दत्तचित्त भएर मैत्री भावना गर्छ, त्यसलाई ११ प्रकारका आनिशंस फल प्राप्त हुन्छ। ती के-के हुन्।

१) **सुखं सुपटि** - सुखपूर्वक निन्द्रा लाग्छ।

२) **सुखं पटि बुज्झति** - सुखपूर्वक व्यूँभिन्छ (जसरी कमलको फूल फुल्दा बिस्तारै फुल्छ, त्यसरी नै मैत्री भावना गर्ने योगी पनि बिस्तारै निन्द्राबाट ब्यूँभिन्छ।)

३) **न पापकं सुपिनं पस्सति** - नराम्रो सपना देखिँदैन। देखीहालेपनि डरलाग्यो भन्ने कहिल्यै हुँदैन।

४) **मनुस्सानं पियो होति** - मनुष्यहरुको प्रिय हुन्छ।

५) **अमनुस्सानं पियो होति** - अमनुष्यहरुको पनि प्रिय हुन्छ।

**देवानं रक्खति** - देवताहरुले आरक्षा गर्छन्।

७) **नास्स अग्गि वा विसं वा सत्थं वा कमति** - आगो, बिष, हतियार जस्ताले छुन सक्तैन।

८) **तुवत चित्त समधियति** - समाधि भावनामा बस्ने हो भने तुरुन्तै समाधि प्राप्त गर्छ।

९) **मुख वण्णो बुप्पस्सीदति** - अनुहारको रुप-वर्ण राम्रो हुन्छ।

१०) **असमुल्हो कालं करोति** - मरणासन्न अवस्थामा बेहोश हुँदैन।

११) **उतरि मप्पटि विज्झता ब्रम्हलोक पग्गो होति** - मरण पश्चात सुतेर उठे समान ब्रम्हलोक प्राप्त हुन्छ।

यस प्रकारले मैत्री भावनाको आनिशंस दृष्टिगत गरेर मैत्री भावनामा दत्तचित्त हुनुपर्छ।

## मैत्री ब्रम्हविहार

६ वटा अनुस्मृति पश्चात मैत्री, करुणा, मुदिता र उपेक्षा यी चार ब्रम्हविहार हुन्। यी चारमध्ये पनि प्रमुख कुरा मैत्री भावना सम्बन्धित कुरा नै हुन्। मैत्री भावना गर्न इच्छुक जनहरुले भावना गर्नलाई अप्ठ्यारो तगारो आउने स्थान दोष, व्यक्ति दोष तथा आहार दोष आदि सबै पन्छाएर बिघ्न बाधा जति निराकरण गरेर प्रपञ्चबाट अलग भइ कर्मस्थान भावना ग्रहण गर्नुपर्छ। कर्मस्थान ग्रहण पूर्व पनि स्वभावबाट आउने क्रुरता त्याग गरी शान्ति सुख प्राप्ति हेतु जाँदैछौं भन्ने विचार गर्नुपर्छ। परन्तु आफूले नदेखेको नबुझेको अवगुणबाट दूर हुन सक्तैन। न त आफूले नजानेको शान्ति फल नै अनुभव गर्न सक्ला। तसर्थ द्वेषले दुषित भइराखेको चित्तले जीव हिंसादि नाना प्रकारका पाप गर्नसक्छ भन्ने सुत्रानुसार, द्वेषको अवगुण अवबोध गर्दै सदाचारबाट प्राप्त सुख शान्ति गुण दृष्टिगत गर्नुपर्छ।

**खन्तिपरमंतपो तितिक्खा,**
**निब्बाणं परमं वदन्ति बुद्धा।**

अर्थ

क्षान्तिको नाममा भनिराखेको तितिक्खा सहनशीलता नै परम तप हो। बुद्धहरुले निर्वाणलाई परम पद भन्नुभयो।

**खन्तिबलं बलानीकं तमहं बूमि ब्राम्हणं।**

अर्थ

क्षमा बल नै जसको बल सेनापति हो, उसलाई नै म ब्राम्हण भन्छु।

**खन्त्या भिटयो नविज्जति।**

अर्थ

क्षमा जस्तो सर्वश्रेष्ठ धर्म केही पनि छैन। भनिएको अनुसार क्षमा क्षान्तिले प्रदान गर्ने आनिशंस फललाई यथार्थ ज्ञात गर्ने।

❑❑❑

# बुद्ध दर्शन

(अध्याय-२)

## गौतम बुद्ध (५६३-४८३ ई.पू.)

लेखक - राहुल सांकृत्यायन
अनुवाद - ललित आर. शाक्य

दुई शताब्दिसम्म भारतीय दार्शनिक मस्तिष्कको जबर्दस्त प्रयासको अन्तिम परिणाम स्वरुप हामीलाई बुद्धको दर्शन क्षणिक अनात्मवादको रुपमा प्राप्त भएको छ। अब अगाडि गएर हामीले भारतीय दर्शन धाराहरुमा लामो समयसम्म नयाँ-नयाँ खोजहरु गरिरहयौं, त्यो यही धारा थियो। नागार्जुन, असंग, बसुबंधु, दिङ्नाग, धर्मकीर्ति-भार तका अनेकौं दार्शनिकहरु यसै धारामा पैदा भएका थिए। अन्य भारतीय दार्शनिकहरु प्रायः सबै नै उनका समकालीन पछिका देखिन्छन्।

### जीवनी

सिद्धार्थ गौतमको जन्म ५६३ ई.पू. तिर भएको थियो। उनको पिता शुद्धोदनलाई शाक्यहरुको राजा भनिन्छ, तर हामीलाई थाहा छ, शुद्धोदनलाई जस्तै भद्दिय[१] र दण्डपाणि[२]लाई पनि शाक्यहरुका राजा भनिन्थ्यो। यसबाट शाक्यहरुको प्रजातान्त्रिक गणसंस्था (सीनेट वा पार्लियामेण्ट) का सदस्यहरुलाई लिच्छविगणमा जस्तै राजा भनिन्थ्यो भन्ने अर्थ लाग्छ। सिद्धार्थकी आमा मायादेवी माइत जाँदै थिइन्, त्यसै बेला कपिलवस्तुदेखि केही माइल टाढा लुम्बिनी[३] भन्ने शाल-वनमा सिद्धार्थ जन्मनुभएको थियो। उहाँ जन्मनुभएको ३१८ वर्ष पछि र अशोकले आफ्नो राज्याभिषेक पछिको बीसौं वर्षमा यही ठाउँमा एउटा पाषाण-स्तम्भ गाडेका थिए, जुन अर्चापि त्यहाँ ठडिएको देख्न सकिन्छ। सिद्धार्थ जन्मनुभएको एक सातापछि उहाँकी आमाको (मायादेवी) मृत्यु भयो र उहाँको पालन-पोषणको भार उहाँकी ठूली आमा तथा सौतेनी आमा प्रजापति-गौतमी माथि पर्न गयो। नवयुवक सिद्धार्थलाई संसारदेखि केही विरक्त र केही बढी मात्रामा विचार-मग्न देखेर शुद्धोदनको मनमा डर पर्‍यो-कतै सिद्धार्थले साधु-सन्तहरुको कुरा सुनेर घर-बार न त्यागिदेवस्; यस निमित्त राजाले छिमेकी कोलिय गणकी (प्रजातन्त्र) सुन्दरी कन्या भद्रा कापिलायनी (वा यशोधरा) सँग विवाह गरिदिए। सिद्धार्थ केही दिनसम्म र किए। यसै बीच उहाँको एउटा छोरा जन्मियो। छोराको नाम-आफ्नो विचार चन्द्रलाई ग्रहण पार्ने 'राहु' सम्झेर, राहुल राख्नुभयो। बृद्ध, रोगी, मूर्दा र सन्यासी (प्रव्रजित), यी चारवटा दृश्यहरुलाई देखेपछि उहाँ संसारदेखि ज्यादै विरक्त हुनुभयो र एक रात चुपचाप घरबाट निक्लेर जानुभयो। यस विषयमा स्वयं बुद्धले चुनारमा (सुंसुमार गिरी) वत्सराज उदायका छोरा बोधि राजकुमारलाई भन्नुभएको थियो-

"राजकुमार! बुद्ध हुनुभन्दा पहिले ... म विचार गर्दथे-'सुखमा सुख प्राप्त हुन सक्तैन, दुःखमा सुख प्राप्त हुन सक्छ।' यसकारण ... मैले कालो केश भएको युवावस्थामै, सुन्दर यौवन छँदै, पहिलो बैंशमै, रोइरहेका माता-पितालाई छाडेर घरबाट ... प्रव्रजित भएँ। ... (पहिले) आलारकालाम (बसेको ठाउँमा) गएँ। ..."

आलारकालामले योगका केही विधिहरु सिकाए तर सिद्धार्थको जिज्ञासा त्यतिले मात्र पूरा भएन। त्यहाँबाट उहाँ उद्दक रामपुत्त (उद्रक रामपुत्र) बसेको ठाउँमा जानुभयो। त्यहाँ पनि योगबारे केही कुरा सिक्नुभयो; तर त्यतिले पनि उहाँ सन्तुष्ट हुनुभएन। त्यसपछि बोधगया नजिकै झण्डै छ वर्षसम्म योग र अनसनमा बसेर भीषण तपस्या गर्नुभयो। यस तपस्याबारे उहाँको आफ्नो भनाइ छ-[४]

"मेरो शरीर (दूर्बलता) को चरम सीमासम्म पुगेको थियो, जस्तो अस्सी वर्षे मानिस (आसीतिक) को गोलीगाँठाहरु ... त्यस्तै मेरो शरीरका अंग-प्रत्यंगहरु भएका थिए। ... ऊँटको खुट्टाजस्तो मेरा घुँडाहरु भएका थिए। सूगाको (अग्लो-होचो) पंक्तिजस्तै मेरो पीठका काँडाहरु (हाड) भएका थिए। शालका पुराना दलिनहरु बाङ्गो-टिङ्गो भए जस्तै, मेरो छातीका करङहरु हुन पुगेका थिए। ... आँखाहरु गहिरो कुवाभित्र देखिने ताराहरु जस्तै भएका थिए। ... जसरी काँचो टिपेको लौका घाम-हावाले चाउरिन जान्छ, रौनक हराउँछ, त्यस्तै किसिमले मेरो शिरको छाला चाउरिएको थियो, कुनै रौनक थिएन। ... त्यस अनसनको अभ्यासबाट मेरो पीठका हाडहरु काँडा जस्तै निक्लेका थिए, खुट्टाका छाला सुकेर हाडसँग टाँसिन पुगेका थिए। ... दिसा-पिसाप

गर्न उठ्न खोज्दा थर्र कामेर त्यहिं ढल्न पुग्दथें । आफ्नो शरीरमाथि हातले मुसार्दा छालाबाट रौंहरु त्यत्तिकै झरेर जान्थे । ... मानिसहरु भन्दथे-'श्रमण गौतम कालो भयो' । कोही ... भन्दथे-'... कालो होइन श्याम' । ... कोही ... भन्दथे-'... मंगुर वर्ण' । मेरो त्यस्तो राम्रो, गोरो (परि अवदान) छालाको रंग नष्ट हुन गएको थियो । ..."

"... तर ... मैले यस (तपस्या) बाट त्यस उच्च ... दर्शन ... पाइन । (त्यसपछि विचार गरें) बोधि (ज्ञान) को निमित्त अर्को उपाय पनि छ ? ... त्यसपछि मलाई लाग्यो-[४] ... मैले पिता (शुद्धोदन शाक्य) को खेतमा जामुन रुखको शीतल छाया मुनि बसेर ... पहिलो ध्यान प्राप्त गरेको थिएँ, शायद त्यही नै बोधिको मार्ग थियो । ... (तर) यसरी अत्यन्त कमजोर शरीरबाट त्यस्तो (ध्यान) सुख प्राप्त गर्न सजिलो लागेन । ... त्यसपछि मैले स्थूल-आहार दाल-भात खान लागें । ... त्यस बेला मसँग पाँच जना भिक्षु साथीहरु थिए । ... जब मैले स्थूल आहार ... खान लागेंथें, तत्काल ती पाँच भिक्षुहरु ... मबाट अलग भएर गए । ..."

अगाडिको जीवन यात्राबारे बुद्धले अन्यत्र भन्नुभएको छ[६]-

"मैले एउटा रमणीय भूभागको, वन खण्डमा एउटा नदी (निरंजना) बग्दै गरेको देखें । त्यसको घाट स्वच्छ र रमणीय थियो । यसैलाई ध्यान योग्य स्थान, ( सम्झेर) बसें । (र ... जन्मको दुष्परिणामलाई जानेर ...) अपूर्व निर्वाण प्राप्त गरें ... मेरो ज्ञान दर्शन (साक्षात्कार) बन्न गयो, मेरो मनको मुक्ति अचल हुन गयो, यो अन्तिम जन्म हो, फेरि अब (अर्को) जन्म न (होला) ।"

सिद्धार्थको यो ज्ञान दर्शन थियो-दु:ख छ, दु:खको कारण (समुदय), दु:खको निरोध (विनाश, निदान) छ र दु:ख निरोधको मार्ग पनि छ । 'जुन धर्म (वस्तु वा घटनाहरु) छन्, ती हेतु (कारण, समुदय) बाट उत्पन्न हुन्छन् । हेतुबारे बुद्धले भन्नुभयो । र त्यसको जुन निरोध छ (त्यसलाई पनि), यस्तो मान्यता राख्ने महाश्रमण ।"[७]

सिद्धार्थले २९ वर्षको आयु (५३४ ई.पू.) मा घर -बार त्याग्नुभएको थियो । छ वर्षसम्म योग-तपस्या गरि सकेपछि ध्यान र चिन्तनद्वारा ३६ वर्षको उमेर (५२८ ई.पू.) मा वोधि (=ज्ञान) प्राप्त गरेर बुद्ध हुनुभएको थियो । फेरि ४५ वर्षसम्म आफ्नो धर्म (दर्शन) को देशना गर्दै ८० वर्षको उमेरमा (४८३ ई.पू.) कुसीनारामा[८] निर्वाण प्राप्त गर्नुभयो ।

१. चुल्लवग्ग (विनय पिटक), ७, ("बुद्धचर्या", पृ. ६०)
२. मज्झिम निकाय, अट्ठकथा, १/२/८
३. वर्तमान रुम्मिनदेई (लुम्बिनी), नेपाल-तराई (नौतनवा स्टेशनबाट ८ माइल पश्चिम) ।
४. मज्झिम निकाय २/४/५ (अनुवाद, पृ. ३४५)
५. मज्झिम निकाय २/४/५ पृ. ३४८
६. मज्झिम निकाय १/३/६ (अनुवाद, पृ. १०५)
७. "ये धर्म हेतु प्रभवा हेतुं तेषां तथागतो ह्यवदत् । तेषां च यो निरोध एवं वादी महाश्रमण: ।"
८. कसया, जिल्ला-गोखरपुर ।

*क्रमश* ...........

# बुद्ध तिम्रो खाँचो

**प्रकाश गौडेल**
कक्षा : १०
ज्ञानुबाबा आवासीय विद्यालय-पोखरा

तिमीले घर गृहस्थ सबै त्यागेर पाएको शिक्षा
दियौ सबैलाई एक एक गरी भिक्षा
गरी अन्त्य सबै दु:ख
प्रदान गर्‍यौ जगलाई नै सुख
तर, हे शान्तिका अग्रदूत, महामानव
तिम्रा उपदेशलाई धेरैले बिर्सेर
भएका छन् दानव
हिजोसम्म शान्तिको बीउ छर्दै हिँड्ने शान्तिका पुजारी
आज तिम्रै मूर्ति र निशानी बेचेर भएका छन् व्यापारी
तिम्रा उपदेश र शिक्षा बाँड्दै हिड्ने सच्चा भक्त
हिंसाको चपेटामा परेर घाइते भएका छन् सक्त
तिमी भएकोले नै जताततै घनकिन्थ्यो शान्तिको मादल
तर अहिले सर्वत्र फैलिएको छ हिंसाको कालो बादल
त्यसैले तिमी फेरि आऊ बनेर बुद्ध
र पारिदेऊ यो संसारलाई नै शुद्ध
अनि आज औंल्याइएको तिम्रो खाँचो
बनाइदेऊ युगौं युगको लागि सत्य-साँचो ।

❑

# सिद्धत्थको (सिद्धार्थ) साक्षात्कारको मूल बाटो

लेखक : स्व. अयोध्याप्रसाद प्रधान

अनुवादक : भिक्षु श्रद्धानन्द

यो 'मूल बाटो' हो, मनले केही केही पनि कुरा नगरीकन मनलाई मौन गरी राख्नु हो । मन मौन हुँदै आउँदा मनलाई जागृत गर्दै गर्दै बस्नुपर्छ । जागृत भई बसेको मनमा मात्र यो बाटो वा मार्ग प्राप्त भई आउनेछ । कुनै मन्त्रको जप पनि यसमा गर्नुपर्दैन, कुनै भावना पनि मनमा ल्याउनुपर्दैन । मन्त्र र भावनाको काम अरु अरु ठाउँमा आउँछ, यहाँ केही पनि मनले समात्नु, लिनु र विचार गर्नुपर्दैन । मनमा अनेक प्रकारका कुराहरु आइरहन्छन्, गइरहन्छन् । त्यसमा आफूले केही पनि वास्ता गर्नुपर्दैन, मनमा आफूले कुरा गरेको मात्र आउँदैन छायाँ देखे जस्तै अघिको स्मृति पनि मनमा आफूले कुरा गरे जस्तो भएर आउँछ । त्यसलाई बेवास्ता गरी बस्नुपर्छ । त्यस्ता आगन्तुक कुरामा मन लग्यो भने त्यसको श्रृंखला हुँदै आउनेछ र त्यो कहिले पनि हराएर जाने छैन । मनलाई जागृत र मौन गरी राख्नु नै ध्यानको मूल बाटो हो । यति गर्नलाई गाह्रो पनि हुँदैन । अलिकति बानी हुने वित्तिकै यसले यो गरेर ल्याउन सरल हुनेछ ।

"योग योगद्वारा नै जान्नुपर्छ, योग योगले नै बृद्धि हुँदै आउँछ, जो योग गर्नमा अल्छी मान्दैन उसले मात्र योग प्राप्त गर्दछ" भनी आएको पनि छ ।

आँखा चिम्लेर ध्यानमा वस्नुपर्दैन । आँखा तलमाथि कहिं पनि लानु, पठाउनु वा घुमाउनुपर्दैन । कहाँ कसरी राख्दा आँखा हलुका आनन्द हुन्छ, त्यही नै राख्नुपर्छ । त्यति नै आँखा खोल्नुपर्छ । आँखा चिम्लन केही प्रयत्न गर्नुपर्ला, त्यसैले आँखा चिम्लन नपरेको हो । आँखा जति त्यसै उघ्रिन्छ, त्यति नै आँखा खोले पुग्छ । आँखा खोली नै राख्नु पनि पर्दैन । किनभने यो 'नाटक' होइन । आँखाले माथि हेर्नु पनि पर्दैन । किनभने यो 'त्रिपुटीको ध्यान' होइन । आँखा आफै उघ्रिने चिम्म हुने भयो भने पनि केही वास्ता राख्नुपर्दैन । आँखा त्यसै आफ्नो स्वभाव अनुसार ठाउँमा अडिन आउँछ । ध्यानमा आँखाको सम्बन्ध छ । तैपनि त्यसलाई के गरुँ, कसो गरुँ, कहाँ राखुँ चिन्ता लिनुपर्ने केही काम पनि छैन, आँखा ध्यान होइन, ध्यान गर्न आँखाबाट केही पनि काम लिनुपर्दैन । ध्यानमा आँखाले देख्न पाउने पनि होइन । मनलाई बाहिर लान खोज्ने मात्र हो । मनले हेर्न नखोजीकन आँखाले हेर्ने पनि होइन, देख्ने पनि होइन । आँखा स्वाभाविक ठाउँमा आयो भने ध्यान नजिक आयो भनी जान्नुपर्छ (थाहा पाउनुपर्छ) । "चित्त (मन) स्वभाव : भास्वर (झलमल, प्रकाशमान) हुन्छ ..." भनी भनिराखे पनि छ । मन नै आँखा हो ।

आसन जस्तोसुकै पनि हुन्छ । सुखासन मात्र पनि पुग्छ । अरु अरु अनेक प्रकारको आसन यसमा चाहिँदैन । यो आसनको साधना होइन । बच्चाहरुलाई फका जस्तै मनलाई पनि फकाई फकाई ध्यान राखी राख्नुपर्छ । होइन भने ध्यानबाट उठ्न उठाउन मनले अनेक प्रकारले प्रेरणा गर्दछ । किनभने यहाँसम्म मन आफै हिंडिरहेको छ । आसन धेरै फेरिरहनु हुँदैन । एक आसनमा बसेर खुट्टा झम-झमायो भने अर्को आसनमा बस्नुपर्छ, आसन फेर्नु हुन्छ । त्यसमा केही पनि ध्यान दिनु पर्दैन । एकै आसनमा बसिरहन गाह्रो हुन्छ । कमसेकम ३० मिनेट जति मात्र एक आसनमा बस्न सके पुग्छ ।

ध्यानमा धेरै किसिमको विघ्न (वाधा) आउँछन् । आफ्नो सहने बानी बसेपछि ध्यानमा त्यसले विघ्न गर्न सक्दैन । ध्यानको मुख्य विघ्न (वाधा) आ-आफ्नै मन हो । ध्यान र मन एउटै हो, ध्यान गर्न आफ्नो मनमा इच्छा नहुने वित्तिकै ध्यान आउँदैन । मन थाक्यो कि ध्यान पनि थाक्यो भनी मनले लिनुपर्‍यो अथवा मनले बुझ्नुपर्‍यो । शरीर चिलाउनु पनि एक विघ्न हो । चिलाएकोलाई पनि बेवास्ता गर्दै गयो भने चिलाउने त्यसै हराएर जान्छ । मानिसको (शब्द) आवाज सुनिनु पनि विघ्न हो । किनभने मानिसले बोलेको, भनेको, कराएको शब्द (आवाज) को केही न केही अर्थ, तात्पर्य, मनसाय आदि अनेकौं (धेरै प्रकारका) तात्पर्य छन् । त्यसैले मानिसको आवाज सुनिने ठाउँमा ध्यान गर्दाखेरी शब्द (आवाज) सुनिने भए पनि शब्दको अर्थतिर मनलाई जान दिनुहुँदैन । चराचुरुङ्गी, रुख, शित, बादल (मेघ) को आवाजले केही विघ्न गर्दैन । किनभने त्यसको केही अर्थ छैन । कमसेकम केही अर्थ भए पनि चराचुरुङ्गीको कुरा (भाषा) हामीले बुझ्दैनौ ।

यसरी ध्यानमा बसिरह्यो भने ध्यान आफ्नो शरीरको सबै अङ्ग-प्रत्यङ्गमा फैलिदै आउँछ। त्यससँग मन पनि फैलिएर जान्छ। कामधातु (जड्ताको यो नाना रुप वस्तुको दायाँ बायाँ भएको श्रृष्टि, जगत वा संसार) देखाउने "पञ्च निवरण" ध्यानको विघ्न हो। यस्तो ध्यानले ती पाँचैवटा निवरणहरु त्यसै हराएर जान्छ। अनि केही क्षण पछि बीच बीचमा ध्यान आनन्द (हलुका) भएर आउँछ, शरीर जड जस्तो नठानी रुप मात्र जस्तो भएर आउँछ, दायाँ बायाँ, तल माथि देखिने ती सबै चीज, वस्तु भाउ, जगत संसार, जडले भरिएको धातु कतिसम्म छ-सबै आनन्दसँग, रुप मात्र, खाली आकाशमा मात्र देखिए जस्तो भएर आउँछ। यो कुराले भावना गर्नुपर्ने कल्पना गर्ने सनले चिन्तन गर्नुपर्ने होइन। मनले त केही पनि भावना (ध्यान साधना) कल्पना र विचार गर्नुपर्दैन। यो ध्यान त आपसे आप भएर आउँछ। भावना, कल्पना र चिन्तन गऱ्यो भने ध्यान हुँदैन। ध्यानमा बस्दाबस्दै त्यसै ध्यान लागेर आयो भने मात्र यो मुख्य मार्ग (मूल बाटो) भनिने ध्यान, काम धातुबाट उठी रुप धातु भएर आउँछ। रुप धातु भनेर, सुनेर कति पनि डराउनुपर्दैन। जसरी काम धातुमा हामी भइरहन्छौ त्यसरी नै ध्यान आनन्दपूर्वक रुप धातुमा पुग्न आउँछ। यही नै वहाँले बतानुभएको 'सतिपट्ठान सुत्त' मा र झान (ध्यान) सम्बन्धमा बारम्बार आउने 'प्रथम ध्यान' हो। यो ध्यानले नै प्रथम, द्वितीय, तृतीय, चतुर्थ इत्यादि रुप ध्यानमा र यसको पछि आकाशादि चार आनत्यातन ध्यान मा (अरुप) ध्यानमा पुऱ्याउँछ। ध्यानलाई नै ध्यानले माथि माथि पुऱ्याउँछ। मन जागृत र मौन (शान्त वा स्थिर) भई बसिराखेको नै ध्यान भनी जान्नुपर्छ। यस्तो प्रकारको मन छाडी अर्को कुनै नयाँ आफूले नजानेको कुरा ध्यान होइन। वहाँले बताउनुभएको ध्यानको 'मूल बाटो' यही नै हो।

निब्बा "सम्मा सम्बुद्ध" को रहस्य हो। त्यसभित्र रहे छ-त्यस कुरा कसैले पनि जान्दैन। त्यस रहस्यमा पुग्ने बाटो (मार्ग) यही 'मूल बाटो' ठहरियो (भयो) किनभने भगवानले यही मार्ग अवलम्बन (पकडेर, अनुसरण गरेर) निब्बानमा पुग्नुभयो वा निब्बान प्राप्त गर्नुभयो। लोकिय, लोकोत्तर असुभ ब्रह्म विहार, सुञ्ञता आदि अनेक प्रकार ले भगवानले भनिराख्नुभएको कुराको विश्लेषण पट्ठानाकरणमा भइरहेको छ भनी माथि पहिले भनी पनि सकें। अष्टसालिनी अट्ठकथाको उल्लेख पनि माथि गरिसकें। अब फेरि विस्तार गर्नुपर्ने कुरा मैले गरेर सक्ने होइन। त्रिपिटक सबै पूरा भएर पनि भगवानले धम्मदेशना गर्न छोड्नुभएन। यसबाट पनि बुझ्नुपऱ्यो यो कुरा अति नै गहिरो बुझेर (जानेर) बुझ्न सिद्धिँदैन। अगाध महासागर जस्तो गहिरो गहिरो हुँदै गएको (गम्भीर) धर्म।

त्यसैले यसको विस्तार गर्दागर्दै अनेक प्रकारको ठूला साना ठाउँ ठाउँमा मतभेद पनि भएर आयो। मतभेद नभएको भए यो धर्मको यति धेरै विस्तार पनि हुँदैन थियो होला। जानिसके पुग्यो भनी भनेको कुरा लिएर भए यति धेरै ग्रन्थ "पुस्तक" मा एक एक कुराको दशवटा, बीसवटा र तीसवटा व्याख्या टीका आदि बनाई बस्नु नै किन पर्छ होला? यति भयो भनी हतास हुनुपर्ने केही छैन। वहाँले बताउनुभएको मूल बाटो ठाउँ-ठाउँमा जुनसुकै बौद्ध धर्म भनिने जति शाखा प्रशाखाका धर्मग्रन्थ पुस्तकबाट स्पष्ट भएर आएको छ। वादविवाद झै-झगडा छ कि अथवा अरु अरु कुरा छ। "निब्बान", निर्वाण र महा-परिनिर्वाण तर्फबाट कुनै वादविवाद छैन। त्यसभित्र वादविवाद छ भनी कसैले भनिराखेको पनि छैन, भन्न सकेमा भनी कसले भन्न खोज्छ? त्यसैले बुद्ध धर्म सबैतिर एकै भइरहेको छ।

❑

## बुद्धवचन

सत्पुरुष आर्यहरुको दर्शन गर्नु असल छ, सत्पुरुषको सत्संग गर्नु सुखकर छ। फेरि मूर्खजनहरुको दर्शन नगर्नुले नै मानिसहरु सधैं सुखी भइरहन्छन्।

मूर्खहरुको संगत गर्नेले धेरै कालसम्म शोक गरिरहनुपर्ने हुन्छ, मूर्खहरुसंग संगत गर्नु शत्रुहरुसँग संगत गर्नु जस्तै सदा दुःखदायी भइरहनुपर्ने हुन सक्छ। फेरि धैर्यवान् विद्वान्हरुसँग संगत गर्नु वन्धु वान्धवहरुसँग संगत गर्नु जस्तै सुखदायी भइरहन्छ।

# ऐतिहासिक गोरखामा धर्मदान

– विश्व शाक्य

विगत दुई वर्ष अगाडि म्याग्दी, बेनीमा बुद्ध विहार तथा चैत्य निर्माणका लागि जग्गा दान भएपछि गोरखामा पनि यस विषयमा चर्चा उठेको थियो । गोरखामा पनि गोरखा बजार (पृथ्वीनारायण नगरपालिका) का केही युवाहरु 'गोरखा बौद्ध सेवा समिति' को नाममा संगठित भएर बुद्ध जयन्ती र विविध कार्यक्रमहरु केही वर्ष यता गर्दै आइर हेका थिए। यसै सिलसिलामा विक्रम सम्वत २०५५ सालको बैशाख पूर्णिमाको कार्यक्रममा श्रद्धेय भिक्षु अश्वघोष महास्थवीरलाई गोरखा लिएर जाने सौभाग्य यस लेखकलाई प्राप्त भएको थियो ।

यसपालिको २५४३ औं बैशाख पूर्णिमाको कार्यक्रममा श्रद्धेय भिक्षु श्रद्धानन्दको साथमा यस लेखक पनि सहभागी भएको थियो । त्यसै कार्यक्रममा गोरखामा पनि विहार तथा चैत्य निर्माणको लागि जग्गादान गर्ने दाता निस्केको तर प्राविधिक कारणले बुद्ध जयन्तीको अवसर मा जग्गादान हुन नसकेको थाहा हुन आएको थियो । आषाढ पूर्णिमासम्ममा प्राविधिक समस्या समाधान हुन सके आषाढ पूर्णिमा, धर्मचक्र प्रवर्तन दिवस पनि परेको हुँदा त्यही पावन दिनमा जग्गादान कार्यक्रम राखे हुने विचार यस लेखकले जग्गादाता परिवार समक्ष राखेको थियो ।

वि.सं. २०५६ असार २८/२९ गतेतिर एकाविहानै टेलिफोनको घण्टी बज्यो । फोन उठाइयो । फोन गोर खाबाट गरिएको रहेछ । उताबाट मोहन शाक्यको स्वर सुनियो । टेलिफोनबाट मोहनले जग्गाको विषयमा सबै समझदारी पूरा भएको र आषाढ पूर्णिमाको दिन जग्गादान कार्यक्रम राख्ने सरसल्लाह भएको जानकारी दियो। जग्गाको लागि बाटोको विशेष समस्या थियो, पूर्वतर्फको सँधियाराले बाटो मात्र होइन आवश्यकता परेमा धेरथोर विहार तथा चैत्यको लागि जग्गा पनि उपलब्ध गराउँछु भन्ने वचन प्राप्त भएपछि सबैको सहयोग र समझदारीमा जग्गादान गर्ने निश्चित टुङ्गोमा पुगिएको कुरा मोहन शाक्यले बतायो । उता समझदारी भैसकेपछि जग्गादान सम्बन्धी कार्यक्रमका लागि के कसो गर्नुपर्ने हो सोको व्यवस्थाको लागि यस लेखकलाई जानकारी दिइएको रहेछ। आवश्यक व्यवस्था मिलाइदिने जिम्मा यस लेखकले लिएर त्यसै दिन बेलुकी काठमाण्डौमा भन्तेहरुसँग सम्पर्क स्थापित गर्ने कोशिश भयो ।

भिक्षु अश्वघोषसँग सम्पर्क राखियो । उहाँ श्रीधः विहारमै हुनुहुँदोरहेछ । आषाढ पूर्णिमाबाट वर्षावास शुरु हुने हुँदा भिक्षुहरु आषाढ पूर्णिमाको कार्यक्रममा आउन नमिल्ने जानकारी दिनुहुँदै उहाँ आफू आउन नसक्ने बताउनुभयो । त्यसपछि आनन्दकुटीमा, कुमार भन्ते र श्रीकीर्ति विहारमा सुदर्शन भन्तेका साथै धर्मकीर्तिमा धम्मवती गुरुमासँग सम्पर्क स्थापित गर्ने कोशिश भयो तर टेलिफोन सम्पर्क हुन सकेन । अन्ततः संघाराममा भिक्षु विशुद्धानन्दसँग सम्पर्क भयो र जानकारी अवगत गराइयो। उहाँले सल्लाह गरेर जवाफ दिने कुरा बताउनुभयो। भोलिपल्ट बेलुकी सम्पर्क राख्दा भिक्षु अश्वघोषले भन्नुभएझैं, पूर्णिमाको दिनबाट वर्षावास प्रारम्भ हुने हुँदा २ दिन अगाडि कार्यक्रम भएमा कार्यक्रम सकेर वर्षावासलाई आ-आफ्नो विहार फर्केर आउन भ्याउने कुरा बताउनुभयो। तद्नुरुप साउन १० गते जग्गादान कार्यक्रम राख्ने निधो भयो। काठमाण्डौबाट ४ जना भिक्षुहरु र पोखराका १ जना भिक्षु गरी ५ जना भिक्षुहरुको संघ गोरखा जाने निर्णय भयो । यस लेखक पोखराबाट ९ गते नै गोरखा पुग्ने सरसल्लाह भयो ।

साउन ९ गते विहान लेखक गोरखा पुगियो । भन्तेहरु पाँचै जना बेलुकी ८ बजेसम्ममा गोरखा आइपुग्नुभयो। गृहस्थीहरुको घरमा भिक्षुहरु बस्नको लागि अनुकूल ठाउँ नभएको कारण होटलमा व्यवस्था गरिएको थियो।

वर्षादको समय। पालहरु त टाँगिएको रहेछ तर कार्यक्रम स्थल त्यत्ति व्यवस्थित रहेनछ। विहानैदेखि पानी परेको कारण व्यवस्था गरिएको ठाउँ अनुकूल नभएपछि तत्काल कार्यक्रम स्थल परिवर्तन गरी होटेल विसौनीको सभाकक्षमा सञ्चालन भयो । स्थान परिवर्तनको कारण सहभागितामा केही प्रभाव त पर्‍यो नै ।

पहिलो चरणको जग्गादान कार्यक्रम शुरु भयो । सामुहिक शील प्रार्थना र बुद्ध पूजा पछि जग्गादाता भोलार त्न शाक्यले जग्गादान गर्नु अगाडि धेरै अगाडिदेखि आफूलाई

बुद्ध विहार र चैत्य बनाउन जग्गादान गर्न मन लागिरहेको र अहिले आएर सबैको सहयोगबाट त्यो इच्छा पूरा भएकोमा खुशी व्यक्त गर्नुभयो। पृथ्वीनारायण नगरपालिका वडा नं. ४ मैदान डाँडावारीको चलनचल्ती अनुसार रु. पाँच लाख मूल्य पर्ने कम्तीमा १ रोपनी जग्गा संघ प्रमुख भिक्षु विशुद्धानन्दलाई दान गर्नुभयो। जग्गादाता भोलारत्न शाक्यले दान गर्ने जमीनको माटो भिक्षु संघ प्रमुख भिक्षुलाई दान गरेपछि भिक्षु संघले उक्त भूमि 'गोरखा बौद्ध समूह' का अध्यक्ष मोहनरत्न शाक्यलाई हस्तान्तरण गर्नुभयो । गोरखामा पहिलो थेरवादी बौद्ध विहारको लागि जग्गादान पछि आफ्नो स्व. आमा दयालक्ष्मी शाक्यको पुण्य कामना गर्दै छोरी बुलू शाक्यले भिक्षु संघलाई अष्ट परिष्कार दान गर्नुभयो । जग्गादान र अष्ट परिष्कार दान पछि भिक्षु संघबाट सामुहिक रुपमा परित्राण पाठ भयो। भिक्षु संघबाट गोरखामा भएको सामुहिक परित्राण पाठ तथा अष्ट परिष्कार दान सायद पहिलो र ऐतिहासिक हो ।

परित्राण पाठ पछि भएको प्रथम चरणको धर्मदेशना कार्यक्रममा भिक्षु कौण्डन्यले भूमिदानको महत्व, भगवान बुद्धले गर्नुभएको धर्मचक्र प्रवर्तन, अष्ट परिष्कार दान र यसको महत्वबारे विविध चर्चा गर्नुहुँदै बुद्ध धर्म प्रचारार्थ भएको भूमिदानले ऐतिहासिक गोरखाको श्रीवृद्धिमा अर्को योगदान थपिने विश्वास प्रकट गर्नुभयो ।

त्यस समरोहमा जिल्ला विकास समितिका सभापति चेतमान श्रेष्ठ, तमु छोंज धिंका अध्यक्ष जगन गुरुङ, समाजसेवी मोहनलाल श्रेष्ठ, अध्यात्मजन जयराम श्रेष्ठले शुभेच्छा प्रकट गर्नुभएको थियो। पुण्यानुमोदन पछि प्रथम चरणको कार्यक्रम समापन भएको थियो ।

प्रथम चरणको कार्यक्रम समापन हुँदा ११ बजिसकेको थियो । भन्तेहरुको भोजनको समय भैसकेको थियो । काठमाण्डौबाट आउनुभएका ५ जना भन्तेहरुमा भन्ते कौण्डन्य र भन्ते नेग्रोध त्यसै दिन दिउँसो १.३० बजेको बसबाट काठमाण्डौ फर्कने तय भएको थियो । त्यसैले भोजन पश्चात् उहाँहरु २ जना गोरखकाली दरवार हेर्न जाने हतार गरी उतै लाग्नुभयो । बाँकी भन्तेहरुमा भिक्षु श्रद्धानन्द र भिक्षु विशुद्धानन्द ११ गतेको विहानको बसबाट पोखरा फर्कने र भिक्षु धर्ममूर्ति त्यही दिन विहानको बसबाट काठमाण्डौ फर्कने हुँदा खासै हतारो थिएन । भोजन पश्चात् तीन जना भन्ते र यस लेखक, मोहनरत्न शाक्य र हिमालरत्न शाक्यलाई लिएर दान गरिएको जग्गाको स्थलगत निरीक्षणमा गइयो ।

भोलारत्न शाक्य र उहाँको परिवारले दान गर्नुभएको जग्गा पृथ्वीनारायण नगरपालिकाको मुख्य बजार बाट खासै टाढा छैन। ठूलो आँगनबाट तेर्सो उकालो लाग्ने मोटरबाटो छ। हिंडेरै गए पनि १०/१५ मीनेटमा पुगिने रहेछ । पृथ्वीनारायण नगरपालिका वडा नं. ४ मैदान डाँडावारी स्थित उक्त जग्गा थुम्को डाँडोमा ऐतिहासिक गोरखा दरवारको पश्चिममा अवस्थित छ। दान दिइएको जग्गाको थुम्कोमा उभिन पुग्दा कता-कता आकाश पारीको देश पुगेको अनुभूति हुन्छ। थुम्कोबाट गोरखा बजार वरपर का सबै भेक छर्लङ्ग देखिन्छ। उत्तर फर्केर हेर्दा अन्नपूर्ण, लमजुङ र गणेश हिमालको हिमश्रृंखला मनमोहक देखिन्छ भने गोरखा बजारको उत्तरी भेकको सिरानचोक, टाकु, नारेश्वर-भोगटेनी गाउँ प्रष्ट देखिन्छ। त्यसै गरी पश्चिमतिर को छोप्राक, आँपपिपल, खोपलाङ, चित्रेपाडा, डाँडागाउँ छर्लङ्ग देखिन्छ । दक्षिणतिर ऐतिहासिक गोरखा बजार (पृथ्वीनारायण नगरपालिका), छिम्केश्वरी, लक्ष्मीबजार, १३ किलो, मनकामना, दरौडी फाँट र टाढा-टाढाका डाँडाहरु देखिन्छन् । पूर्वमा ऐतिहासिक पृथ्वीनारायण शाहको दरवार पर्दछ। यसरी ऐतिहासिक र प्राकृतिक दृष्टिले पनि बुद्ध विहार तथा चैत्य निर्माणका लागि दिइएको उक्त जग्गा सारै महत्वको छ। सबैतिरबाट सहयोग जुट्न सकेको स्थितिमा यो थुम्कोमा एउटा आकर्षक चैत्य निर्माण गर्न सक्ने हो भने एकातिर ऐतिहासिक गोरखा दरवार अर्कोतिर समानान्तर ठाउँमा अर्कोतर्फ बौद्ध चैत्यले गोरखाको ऐतिहासिकतामा एउटा अर्को नवीनता थपिनेछ ।

दान दिइएको जग्गाको स्थलगत निरीक्षणको क्रममा थाहा भयो, दानमा जग्गा उपलब्ध गराउनमा जग्गादाता भोलारत्न शाक्यको जेष्ठ सुपुत्र गोरखा बौद्ध समूहका अध्यक्ष तथा गोरखामा बौद्ध जागरणका नायक मोहनरत्न शाक्यको अनुकरणीय भूमिका रहेको छ। आमा बुबा तथा भाइलाई धर्मप्रति आस्था जगाई जग्गादान गर्न समेत प्रेरित गर्नु आजको सामाजिक सन्दर्भमा साधारण कुरा मान्न सकिने ठाउँ छैन। जग्गादाता भोलारत्न शाक्य लगायत उहाँका परिवार यस लेखकको नजरमा साधुवादका पात्र छन् ।

काठमाण्डौ उपत्यकाको पाटन (ललितपुर) बाट

गोरखा आई बसोबास गरेका मध्यम वर्गीय परिवारका यी शाक्य परिवार सातौं पुस्ताका हुन् । जग्गादाता भोलारत्न शाक्यको पिताको नाम हरिबहादुर शाक्य र हजुरबाको नाम मणिराज शाक्य रहेको कुरा जग्गादाता बताउनुहुन्छ । उहाँका पूर्खाहरु के कति कारणले काठमाण्डौ उपत्यका छोडेर गोरखा जस्तो विकट (ऊ बेला) पहाडी गाउँमा आएर बसे त्यसबारे थाहा नभएको तर बूढापाकाहरुबाट सुनी आए अनुसार शाक्यहरुको विधि व्यवहार साह्रै खर्चालु भएको र तद्नुसार जीवन यापन गर्न नसक्ने अवस्था भएर पूर्खाहरु बाहिर पलायन भएको भन्ने जानकारी दिए । जेहोस्, मध्यम वर्गीय एउटा परिवार जसको पेटको सहारा नै खेती छ, त्यो परिवारले आफ्नो पेट काटेर धर्म अभिवृद्धिको लागि जुन आष्ठा प्रकट गरेको छ त्यो आष्ठालाई सजिवता दिइरहनुपर्ने हाम्रो र हामी सबैको जिम्मेवारी हुन आएको छ भन्ने लेखकलाई लागेको छ ।

निर्धारित कार्यक्रम अनुसार दिउँसो ३ बजे दोस्रो धर्मदेशना कार्यक्रम शुभारम्भ भयो । दोस्रो चरणमा भएको धर्मदेशना कार्यक्रममा भिक्षु धर्ममूर्तिले धर्मचक्र प्रवर्तन दिवसको महत्वमाथि प्रकाश पार्नुहुँदै भगवान बुद्धले आफूले बुद्धत्व प्राप्त गरिसक्नु भएपछि आषाढ पूर्णिमाको दिन प्रथम पटक पञ्च भद्रवर्गीय भिक्षुहरुलाई दुःखबाट विमुक्त हुने चार आर्य सत्य र आर्य अष्टाङ्गिक मार्गको देशना गर्नुभएको कुरा विस्तारपूर्वक बताउनुभयो ।

थर्का भिक्षु विशुद्धानन्दले भूमिदानको महत्वलाई दर्शाउनुहुँदै आध्यात्मिक उन्नतीको लागि दिइने दानमा मूल्यको खासै अर्थ नहुने तर त्यस दानको उपयोगले समाजमा एक जनाले मात्र पनि दुःखबाट विमुक्ति मार्ग पहिल्याउन सक्यो भने त्योभन्दा ठूलो मूल्य केही नहुने बताउनुभयो । आफ्नो बोल्ने क्रममा मैत्री संघ, पोखराका अध्यक्षको हैसियतले यस लेखकले जमीन ऊर्वर भूमि रहेको र ऊर्वर भूमिमा सही धर्मबीज विजारोपण हुन सकी सबैतिरबाट मलजल पुग्न सके त्यस धर्मबीजबाट पूण्यफल फल्न समय नलाग्ने बताउँदै धर्मदानमा जुट्न सबैसँग आग्रह भयो । कार्यक्रमको समापनमा गोरखा बौद्ध समूहका अध्यक्ष मोहनरत्न शाक्यले सहभागी भन्ते, जग्गादाता तथा उपासक-उपासिकाहरु सबैसँग फेरि-फेरि पनि सहयोग र सद्भावको आशा राख्दै धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यक्रमको समाप्ती पछि स्थानीय केही समाजसेवी र बुद्धिजीवीले गोरखामा (बजारमा) पनि ढिलै भए पनि बुद्ध धर्मको जागरण आएकोमा लेखकसँग खुशी व्यक्त गरेका थिए । उहाँहरुले यस अभियानमा आफूहरुले सक्दो सहयोग पुऱ्याउने बचन दिंदा यस लेखकलाई पनि कताकतै खुशी अनुभव हुन पुगेको महशुस भएको थियो । ❑

# पोखराबाट शिरुवारीसम्म

**- सोनी सुवाल**

म कलेजबाट हतार हतार गर्दै घर आएँ । सिधै कोठामा गई लुगा फेर्दै थिएँ, फोनको घण्टी बज्यो । उठाएँ उताबाट "आउने बेला भएको छैन ?"-भन्यो । "ल ल म आएँ"-भन्दै रिसिभर राखिदिएँ । चाहिने सामान झोलामा राखी म भान्सामा गएँ । मन नलाइ नलाई खाना खाई बुद्ध विहार गएँ । सबै जना अझै भेला भैसकेको रहेनछ । दश बजे भेला हुने भनेको थियो किनकि माघ २७ गते युवा बौद्ध संघले शिरुवारी पंचमूल, स्याङजामा दुई दिने निःशुल्क आँखा शिविरको कार्यक्रम संचालन गर्ने भएको थियो ।

सबैजना भेला भैसकेपछि हिमालयन आँखा अस्पतालको बसमा हामी अस्पताल गयौं । टेक्निसियनहरुलाई पनि साथमा लिई गन्तव्यतिर लाग्यौं । सबैजना एउटै बसमा नअटाउने भएकोले कोही परिवार नियोजनको जिपमा गयौं । रमाइला गफहरु गर्दै जाँदै थियौं । बीच बाटोमा एक्कासी जिप रोक्यो । बाघ बाघ भनेर करायो । हेरेको त बाघ रहेछ तर मरेको । बिहानको ७ बजे मारेको रहेछ । जिन्दगीमा पहिलोपल्ट मरेको भए पनि बाघलाई छोयौं र फोटो खिच्यौं । बाघको जुंगा उखाल्ने भनेको त जुंगै थिएन । सबै उखालिसकेको रहेछ ।

स्याङजाबाट शिरुवारी पुग्न झण्डै सात आठ किलोमिटर जानु पर्दो रहेछ । पछि अर्जुन चौपारी जाने बाटो फेला पारी खोलै खोला हिंड्यौं । एउटै खोलालाई आठ नौ पल्ट तर्नु पर्दोरहेछ । पछि बल्ल बल्ल अर्जुन चौपारीमा ओर्लि चिया नास्ता गरी हिंड्यौं । विस्तारै विस्तारै गफ गर्दै, बीच बीच बाटोमा खाँदै, फोटो खिच्दै, भिडियो खिच्दै हिंड्यौं । हामी भन्दा पहिला एउटा समूह गइसकेको थियो ।

हामी भने बिस्तारै विस्तारै शिरुवारीतिर लम्कदै थियौं ।

बेलुकी, यस्तै ५:३० बजेतिर पंचमूल पुग्यौं । पञ्चेबाजाको मधुर धुन कानमा गुञ्जिन थालेको थियो । विस्तारै हामी शिरुवारी गाउँमा पुग्यौं। पञ्चेबाजा र नाचगान सहित स्वागत भयो । पछि कार्यक्रम सकेपछि खाना खायौं । भोलिको कार्यक्रमबारे छलफल गर्‍यौं र सुत्ने तर्खरतिर लाग्यौं । त्यहांको प्रत्येक घर एउटा होटल रहेछ । त्यसैले हरेक दुई दुई जनालाई एउटाको घरमा सुताउने व्यवस्था रहेछ । हामी केटीहरु जम्मा चार जना भएकोले एउटै घर, एउटै कोठामा सुत्यौं । हामी भूतपूर्व प्रधानपंचको घरमा परेका थियौं । थकानले गर्दा चाँडै नै निदायौं ।

भोलि विहान नुहाई धुवाइ, चिया नास्ता गरी कार्यक्रम हुने ठाउँमा गयौं । कार्यक्रम पंचशिलबाट शुरु भयो । विभिन्न वक्ताहरुले बोले । म आफ्नो कामांतर लागें । आफ्नो जिम्मा नाम दर्ता गराउनेमा थियो । नाम दर्ता गराउंदै गाउंले दाजुभाइ दिदीवहिनीलाई आँखा जाँच्नेतिर पठाइदियौं । एकैछिनमा एकदमै हुल भयो । लाइनमा पालै पालो गरी दर्ता गरायौं । पछि, हामी खाना खान गयौं । खाना खाने ठाउं एकदमै टाढा झण्डै २० मिनेट हिंड्नु पर्ने भएकोले फर्केर कार्यक्रम भएको ठाउँमै आएको त दर्ता एकछिनको लागि बन्द गरेको रहेछ। कारण जाँच्ने ठाउँमा एकदमै भिड भएछ । म एक्लै थिएं । हाम्रो नाम दर्ता गरिदिनु पर्‍यो भनेर मानिसहरु कराउन थाल्यो । मैले सम्झाएँ, तर पनि उनीहरु मानेनन् । सबै कराउन थाल्यो, म एक्लै के गर्ने ? चारैतिरबाट घेरेको घेरै छ । "दर्ता मात्र गरिदिनुस् हामी भोलि जँचाउन आउंछौं"-भन्थे । यता 'दर्ता बन्द' भन्ने आदेश थियो । एक दुई जनाको नाम दर्ता गरिदिएं । फेरि अरु कराए । अध्यक्षज्यू आउनु भई सम्झाउंदा पनि सम्झेनन् । पछि बल्ल बल्ल नियन्त्रित भयो ।

त्यो पहिलो दिनको रात त्यहाँका नव युवा क्लबले नाचगानको कार्यक्रम राखेको रहेछ। गुरुङ संस्कृति अनुसार नाचगानको कार्यक्रम देखायो । हाम्रो संस्थाबाट पनि नाच देखाइयो, नाच्यौं पनि, आफूलाई त डिस्को गीतमा मात्र नाच्न आउंछ । नेपाली गीतमा छम्कट्ट नाच्न आउँदैन । नाच्ने मन भई भई, एकछिन मात्र नाची सुत्न गएं ।

दोस्रो दिनको परीक्षण कार्यक्रममा विहानैबाट दर्ता गर्न बसें । कोही कोही त डाक्टरले औषधी नै दिएन भनेर रिसाएर जाने, आँखा ठीक छ भने कहाँ औषधी दिन्छ र ? कोही कोही बेक्कारमा जँचाउन आएछु भन्ने । साँच्चै मान्छेलाई सम्झाउन धेरै कठीन हुंदोरहेछ ।

साँझ कार्यसमितिको मिटिङ बस्यौं । भोलिको कार्यक्रम तयार गरी सुत्ने तरखरतिर लाग्यौं ।

भोलि बिहानै देउराली जाने भनेकोले सबै जना उकालो लाग्यौं । विस्तारै विस्तारै Sun Rise हेर्दै उकालो लाग्यौं । हामीलाई देउराली पुग्न दुइ घण्टा लाग्यो । त्यहाँबाट अन्नपूर्ण श्रृंखला, कुस्मा, पोखरा पनि देखिन्छ भन्थ्यो तर कुहिरोले ढाकेको थियो । फोटो खिचीवरी फर्क्यौं ।

विदाईको कार्यक्रम शुरु भयो, आमा समूहबाट र भूतपूर्व प्रधानपंचबाट भ्याउरे नाच सहित विदाइमाला पहिराइयो। हाम्रो तर्फबाट पनि केही उपहारहरु दिइए। गुम्बा, आमा समूह, नव युवा क्लब र शिरुवारीका मानिसहरुले हामीलाई विदा गर्न तलसम्म आए। शिरुवारी छोडेर नजानु भन्ने गीत गाउँदै विदा गरीरहेका थिए। मलाई त दुई दिन बस्दा पनि त्यहाँका मानिसहरुसँग यति लगाव र स्नेह भएको थियो कि साँच्चै नै शिरुवारी छोड्दा मन रोयो । थाम्न नसकेर आँखाबाट आँशु पनि आयो । आफ्नै छोरा छोरी झैं प्रेम हामी अन्त कहाँ पाउँछौं र ? यो आँखा शिविर एउटा विशिष्ट कार्यक्रम लाग्यो । यस्तै कुरा गर्दा गर्दै अर्जुन चौपारी आइपुग्यौं । बसमा चढी दोहोरी गीत गाउँदै पोखरा आइपुग्यौं, शिरुवारीको मिठो सम्झना लिई ।

साँच्चै शिरुवारी स्वर्ग नै रहेछ। कति सुन्दर ! कति मनमोहक गाउँ ! कति सफा ! मानिसहरु कति मिलनसार ! हरेक घर एउटा होटल, बाथरुम र ट्वाइलेटको राम्रो व्यवस्था, मानिसहरुको एकता, टुरिष्टहरु आयो भने पालै पालो गरी घर घरमा नै राख्ने चलन र सबैको घरको डिजाइन एउटै, गुम्बा पनि राम्रो छ ।

आफ्नो गाउँ आफै बनाउँ भन्ने भावना लिई त्यहाँका मानिसहरु एकजुट भई लागेका छन् । साँच्चै नै शिरुवारी एउटा टुरिष्ट ट्रेकिङ्ग ठाउँ नै हो । शिरुवारी भन्दा अलि माथि गयो भने, दमाई, सार्कीहरुको गाउँ छ । सबैको घरको रंग एउटै । यो यस्को गाउँ भनेर परैबाट छुट्टिने बाहिरबाट आएका टुरिष्टहरुलाई आफ्नो नाचगान संस्कृति देखाई नेपाललाई बाहिरी मुलुकमा चिनाउन प्रयास गरेको शिरुवारीका मानिसहरु मिलनसार छन्। म सबैलाई एकपल्ट शिरुवारी जान सल्लाह दिन्छु ।

❑

## सतिपट्ठान विपस्यना ध्यान शिविर सु-सम्पन्न

बाग्लुङमा प्रथम पटक भिक्षु विशुद्धानन्दज्यू ( सम्यक सम्बोधी प्राणपुत्र) को सल्लाह, सुझाव, आर्थिक, भौतिक तथा नैतिक सहयोग र महिला बौद्ध संघको उत्कृष्ट नेतृत्वमा "सतिपट्ठान विपस्यना ध्यान शिविर " सफलतापूर्वक सु-सम्पन्न भयो ।

वयस्कहरुकोलागि र बाल विद्यार्थीहरुको लागि क्रमशः दश दिने र तीन दिने गरी दुई चरणमा सञ्चालन गरिएको उक्त शिविरमा १९ महिला र ७ पुरुषले वयस्क शिविरमा र ३१ छात्रा र १९ छात्रहरुले बाल विद्यार्थी शिविरमा सहभागी बन्ने अवसर प्राप्त गरे । महिला बौद्ध संघले आयोजना गरेको सो शिविर वाग्लुङ युवा बौद्ध संघको सक्रिय स्वयम-सेवकत्वमा विद्यामन्दिर माध्यमिक विद्यालयको भवनमा सम्पन्न भएको थियो ।

कात्तिक ३ गते देखी सञ्चालन गरिएको सो कार्यक्रम १८ गते सोही विद्यालय भवनमा छात्र-छात्रा बुद्ध शिक्षाप्रति आस्थावान व्यक्ति र अभिभावकहरुको उत्साहबर्द्धक उपस्थितिमा समापन भयो । समारोहलाई सम्बोधन गर्दै ध्यान निर्देशक भिक्षु विशुद्धानन्द, धर्मोदय सभा वाग्लुङ शाखाका अध्यक्ष श्रवणलाल शाक्य, ज्ञानोदय बुद्ध विहारका संरक्षक रामलाल शाक्य, अध्यक्ष ईश्वर बज्राचार्य, वा.यु.बौ.सं.का उपाध्यक्ष निशु शाक्य, अभिभावक तर्फबाट हिमाली बज्राचार्य र जीवन शाक्यले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभयो ।

वयस्क योगी र वालयोगीहरुले आ-आफ्नो अनुभव व्यक्त गर्नु भयो । बाल योगीहरुमा साबी श्रेष्ठ, गुड्डी श्रेष्ठ, लक्ष्मी थापा, सजना शाक्य, तारा के.सी., सुस्मिता शाक्य, ईच्छा रोका, सुलषा शाक्य र अनिता राजभण्डारीले आ-आफ्ना अनुभव व्यक्त गरे ।

कार्यक्रमको समापन गर्नु हुँदै कार्यक्रमका अध्यक्ष तथा महिला बौद्ध संघका उपाध्यक्ष श्रीमती रत्न बज्राचार्यले भिक्षु विशुद्धानन्दको त्याग, बुद्ध धम्मं संघप्रतिको कटिवद्धताको कदर गर्नुहुँदै उहाँ जस्तो व्यक्तित्व बिरलै पाउने विचार राख्दै कार्यक्रम सफल हुनुमा प्रथम श्रेय उहाँलाई जाने कुरा बताउनु भयो । समापन समारोहमा स्वागत भाषण म.बौ.संघको सचिव सानु शाक्यले र उद्घोषण संयोजकको तर्फबाट वा.यु.बौ.संघका सचिव सुदिप राजभण्डारीले गर्नुभएको थियो ।

साथै कार्तिक १९ गते तीन महिने बर्षावासको समापन ज्ञानोदय बुद्ध विहारमा बुद्ध विहारसँग सम्बन्धित सम्पूर्ण भातृ संस्थाका सदस्यहरुको उपस्थितिमा सम्पन्न भयो । महिला बौद्ध संघका सचिव सानु शाक्यले उद्घोषण गर्नुभएको सो कार्यक्रममा बर्षाबासका नियमित उपासिकाहरुले आ-आफ्नो अनुभव बताउनु भयो। साथै ज्ञा.बु.वि. का अध्यक्ष ईश्वर लाल बज्राचार्य, धर्मोदय सभा वाग्लुङ शाखाका अध्यक्ष श्रवणलाल शाक्य, वा.यु.बौ.सं.का कोषाध्यक्ष दिपंकर शाक्य, ज्ञा.बु.वि.का सदस्य विष्णु शाक्यले पनि आ-आफ्नो विचार व्यक्त गर्नुभयो । कार्यक्रममा निर्देशन दिनुहुँदै विशुद्धानन्दले बौद्धहरुमा हाल देखिएका कमी कमजोरीहरु औंल्याउनु हुँदै यसको सुधारको लागि सुझाव दिनु भयो । साथै वाग्लुङको बर्षावासमा उपासिकाहरुको नियमितता सह्राहनिय भएको र यस किसिमको सहभागी अन्य ठाउँमा कमै मात्र भएको जानकारी गराउनुभयो ।

## "करुणा तेश्रो बार्षिकोत्सव एवं भिक्षु अमृतानन्द स्मृति दिवस"

तानसेनको होलाङ्दी अवस्थित बुद्ध विहारको धम्म हलमा करुणा बौद्ध संघको तृत्तीय बार्षिकोत्सव एवं भिक्षु अमृतानन्द स्मृति दिवस अध्यक्ष श्री छत्रराज शाक्यको अध्यक्षतामा हिजो सम्पन्न भयो । ज्ञानमाला भजन, बुद्ध पूजा र पंचशील ग्रहण पछि प्रारम्भ भएको उक्त बौद्ध सभामा प्रमुख अतिथि र अध्यक्षले भगवान बुद्धको प्रतिमामा दीप प्रज्वलन एवं भिक्षु आचार्य अमृतानन्द महास्थविरको फोटोमा पुष्प अर्पण गर्नु भएको थियो। प्रमुख अतिथि अनागरिका धम्मदिन्नाज्यूले

भगवान बुद्धको उपदेशलाई व्यवहारमा उतार्नुपर्ने कुरामा जोड दिनुभयो । अध्यक्ष छत्रराज शाक्यले भिक्षु आचार्य अमृतानन्दज्यूको देनबारे चर्चा गर्नु हुँदै उहाँ पाल्पाको एक सपूत अन्तर्राष्ट्रिय जगतमा ख्यातिप्राप्त एक बौद्ध प्रतिभा एवं राष्ट्रिय बौद्ध जगतका एक उज्वल नक्षत्र हुनुहुन्थ्यो भन्नुभयो । नेपालमा बुद्ध धर्मको प्रचार प्रसार र विकासमा अतुलनीय योगदान रहेको छ भनि उहाँको गुण स्मरण गरी हार्दिक श्रद्धान्जली व्यक्त गर्नुभयो । साथै करुणा बौद्ध संघले सिमित आर्थिक श्रोतको बावजुद पनि १४ महिना भित्र २ वटा करुणा र मैत्री कक्ष भवनहरु निर्माण गरेको , करुणा बौद्ध पुस्तकालय स्थापना गरि संचालन भईरहेको कुरा बताउनु भयो । बार्षिक गतिविधि प्रतिवेदन सचिव मदन लाल बज्राचार्यले प्रस्तुत गरेपछि कोषध्यक्ष वीरेन्द्र काजी शाक्यले आ.व. २०५५/०५६ मा कुल आय १,७०,१८८/२४ र कुल खर्च १,२५,८०८/- व्यय भई ४४,३८०/२४ बैंकमा मौज्दात रहेको प्रस्तुत गर्नुभयो । रु. १,४६,०६१/७३ नगद र अन्य जिन्सी गरि करिब २ लाखमा करुणा भवन र रु. ७७,९२८/२७ को लागतमा मैत्री कक्ष भवन निर्माण भएको छ ।

उक्त सभामा चिनियालाल बज्राचार्य, कृष्णप्रसाद शाक्य, जगतबहादुर जोशी, प्राचार्य धिरेन्द्रप्रसाद श्रेष्ठ, प्रेममान शाक्य, सुश्री चिनीदेवी बज्राचार्य आदिले करुणा बौद्ध संघले छोटो अवधिमा बुद्ध धर्मको प्रचार प्रसार र विहार निर्माण र विकासमा महत्वपूर्ण प्रगति गरेको चर्चा गर्दै स्व. भिक्षु अमृतानन्द महास्थविर प्रति हार्दिक श्रद्धान्जली व्यक्त गरेका थिए ।

उक्त समारोहमा स्वागत भाषण उपाध्यक्ष विश्वमान बज्राचार्य, धन्यवाद ज्ञापन सहसचिव संजयराज शाक्य र कार्यक्रम संचालन मदनलाल बज्राचार्यले गर्नुभएको थियो ।

❑

# मैत्री संघको तेस्रो वार्षिक उत्सव

मैत्री संघ पोखराको तेस्रो वार्षिक उत्सवको अवसरमा संघद्वारा आज विहान मैत्री चैत्य नारायणस्थान नदीपुर पोखरामा चैत्य पूजा आयोजना गरियो ।

मैत्री शिक्षा समूह सेतो गुराँस नदीपुरका करीब ५० जना बालबालिकाहरु भिक्षु श्रद्धानन्द, कर्मशीला अनागारिका, बौद्ध उपासक उपासिका तथा बुद्ध धर्मका अन्य अनुयायी गरी लगभग २०० जना व्यक्तिहरुको उक्त पूजामा उपस्थिति रहेको थियो ।

चैत्य पूजापछि आयोजित तेस्रो वार्षिक उत्सव समारोहमा धर्मदेशना गर्नुहुँदै प्रमुख अतिथि भिक्षु श्रद्धानन्दले बुद्ध पूजा र चैत्य पूजा भनेको एउटै भएको उल्लेख गर्दै स्तूप र चैत्यमा भने केही फरक रहेको छ भन्नुभयो ।

मैत्री चैत्यको संरक्षण सम्वर्द्धनका साथै व्यावहारिक बुद्ध शिक्षाको प्रचार प्रसारको उद्देश्य लिएर मैत्री संघको स्थापना भएको कुरा बताउनुहुँदै मैत्री संघ पोखराका अध्यक्ष विश्वरत्न शाक्यले कुमुदिनी होम्स र सिविनको सक्रिय सहयोगमा मैत्री शिक्षा समूहसँग आवद्ध १५ जना असहाय तथा निम्न आय भएका बालबालिकाहरुलाई बोर्डिङ स्कूलहरुमा निःशुल्क पढाउने व्यवस्था भैरहेको बताउनुभयो । यसै गरी मैत्री चैत्यको प्राङ्गणमा विपश्यना ध्यान कक्ष बनाउने कार्यक्रम रहेको पनि बताउनुभयो ।

पोखरा उप-महानगरपालिका वडा नं. ३ का वडाध्यक्ष नारायण उदासले तेर्सापट्टिको चैत्य निर्माण गर्न नगरपालिकाले १ लाख बजेट छुट्याएको उल्लेख गर्दै नारायण स्थानमा सार्वजनिक शौचालय र पौवा निर्माण गर्ने योजना रहेको जानकारी दिनुभयो ।

ज्ञानमाला संघका निवर्तमान अध्यक्ष तथा दायक सभाका सचिव कृष्णमान गुभाजूले समेत मन्तव्य दिनुभएको उक्त समारोहमा मैत्री संघका सचिव गोविन्द ताम्राकारले वार्षिक प्रतिवेदन, कोषाध्यक्ष नीलकण्ठ उदासले आर्थिक प्रतिवेदन र विक्रम उदासले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

❑